# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

६३

पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२७९

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

**–बापूदेव शास्त्री**

*[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]*

# पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

**१६ वर्ष** **३ अङ्क**

सम्पादक–

**महेशराज पन्त**

**दिनेशराज पन्त**

प्रकाशक–

**देवीप्रसाद भण्डारी**

(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५।–

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. मालिक मर्दा केटी होइन, केटो सती गएको विषयमा | महेशराज पन्त | १–५ |
| २. पश्चिमतिर हमला गर्नको लागि छारा लगाइएको वि. सं १८४१ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ५–६ |
| ३. गोरखादरबारमा दसैँमा फूलको व्यवस्था गर्ने विषयको वि. सं. १८४८ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ६–७ |
| ४. लम्जुङदरबार मर्मत गर्ने विषयको वि. सं. १८५२ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ७ |
| ५. लडाइँको लागि विष झिकाइएको वि. सं. १८५२ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ८ |
| ६. गोरखादरबारमा बत्ती बाल्ने व्यवस्थाविषयको वि. सं. १८६० को अप्रकाशित पत्र | दिनेशराज पन्त | ८–९ |
| ७. गोरखादरबार मर्मत गर्ने विषयको वि. सं. १८६२ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ९ |
| ८. नटुवा गवैयाका द्वारे नियुक्त गरिएको वि. सं. १८६५ को अप्रकाशित पत्र | दिनेशराज पन्त | १० |
| ९. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास | देवीप्रसाद भण्डारी | ११–२७ |
| १०. वि. सं. २००७–८मा आफूले देखेसुनेका र आफ्ना मनमा लागेका कुरा | नयराज पन्त | २८–३४ |
| ११. राष्ट्रिय इतिहासको विषयमा | दिनेशराज पन्त | ३५–३८ |
| १२. पन्ध्रौँ वर्षको आम्दानीखर्चको विवरण | | ३९ |

# मालिक मर्दा केटी होइन, केटो सती गएको विषयमा

—महेशराज पन्त

आफ्नो ज्यादै नजीकको मान्छे मर्दा बिछोड खप्न नसकी मन थाम्न गाह्रो पर्ने कुरा हामीहरूले अनुभव गरेकै हो। यसै कारणले लोग्नेलाई नै आफ्नो जो कुछ सम्झने परम्परामा हुर्केका स्वास्नीमान्छेहरूले लोग्ने मर्दा लोग्नेको लाश-सँगै पोलिएर मर्ने चलन चलन गएको देखिन्छ। लोग्नेमा नै आफूलाई लीन गरी आफ्नो प्राण नै उत्सर्ग गर्न लोग्नेको लाशसँगै पोलिएर मर्ने पतिव्रताहरूको त्यो चलन पतिव्रताको पर्याय सती शब्दले कालान्तरमा बुझिन थाल्यो। पछिपछि त्यस प्रथामा जबरदस्ती पनि कति घुस्दै गयो, त्यो अर्कै विषय हो।

गोरखाका राजा नरभूपाल शाह वि. सं. १७९९ मा परलोक हुँदा[1] उनकी कान्छी रानी अर्थात् सुभद्रावती (महोद्दामकीर्ति र दलजित्की मुमा)[2] सती गएको र नरभूपालको एक जना केटोले स्त्रीको स्वामी, सेवकको खामिद भनेका प्राणका मालिक हुन् भनी प्राणत्याग गरेको कुरा वंशावलीमा यसरी लेखिएको छ—

> वहांदेखिन् श्री ५ महाराजा नरभूपाल साहलाइ बिराम बढदै आयो र गण्डिको बुढ़कोटघाटमा जलाश्रय चलाउदा भया. दान पुण्य गरि २६ वर्ष राज्य भोग्य गरि परमधाम हुनुहुदो भयो. श्री ५ काञ्छा महारानी पनि सहगामिनी हुनुहुदो भयो. एउटा केटो पनि स्त्रीको स्वामि, सेवकको षामिद भन्याका प्राणका मालिक हुन भनी प्राणत्याग गर्‍यो.[3]

लोग्ने मर्दा स्वास्नी सती जानु त्यस बेलाको चलनअनुसार सामान्य जस्तै भएकोले नरभूपाल परलोक हुँदा उनकी रानी सुभद्रावती सती गएको विषय ऐतिहासिकलाई त्यति चासो लाग्ने विषय होइन। उसलाई मतलब परेको विषय त के हो भने नरभूपालका अरू अरू रानी पनि हुँदा हुँदै कान्छी रानी मात्र किन सती गइन्? किनकि त्यस बेलाको प्रथाअनुसार राजाहरूका धेरै स्वास्नी हुन्थे। कुनै राजाका दर्जनौं स्वास्नी छन् भने दर्जनौं स्वास्नी पनि सती गएको उदाहरण इतिहासबाट दिन नसकिने होइन। तर यस निबन्धको विषय यो पनि होइन। विषय के हो भने मालिक मर्दा केटीले होइन, केटोले प्राणत्याग गरेको। अर्थात् नरभूपाल परलोक हुँदा उनको एक जना केटोले किन प्राणत्याग गर्‍यो भन्ने प्रश्नको उत्तर दिने प्रयत्न यस निबन्धमा गरिएको छ।

---

१. वि. सं. २०४१ मा काठमाडौंबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास*को २४३ पृष्ठ।

२. उही पुस्तकको २४७ पृष्ठ।

३. *गोरखावंशावली*बाट।

वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ६४९ पृष्ठ।

यसो हेर्दा यस प्रश्नको उत्तर त्यति अप्ठ्यारो छैन जस्तो देखिन्छ। किनभने वंशावलीमा लेखिएकै छ, स्त्रीको स्वामी, सेवकको खामिद भनेका प्राणका मालिक हुन् भनेर। यताबाट नरभूपालको विरह खप्न नसकी विह्वल भई त्यस केटोले प्राणत्याग गन्यो भन्ने उत्तर सजिलैसँग दिन सकिन्छ। अहिले पनि आफ्ना प्यारा नेता परलोक हुँदा उनका भक्तहरूले प्राणत्याग गरेका कुरा आकलझुकल अखबारमा हामीले पढेकै छौं।

अलि गहिरिएर गर्दा यो आवेशमा आएर भएको काम नभई सतीप्रथा जस्तै कुनै नियमित र प्रतिष्ठित प्रथा थियो कि भन्ने शङ्का पनि जिज्ञासुको मनमा नउठ्ने होइन। यस कारण त्यस दृष्टिले यस प्रश्नको उत्तर दिने प्रयत्न यस निबन्धमा गरिएको छ।

लोग्ने मर्दा स्वास्नी सती गए जस्तै छोराको चौपट्ट मायाले गर्दा कहिलेकहीं मृतकका आमा पनि मृतकसँगै पोलिएर मर्ने गर्थे भन्ने कुरा नेपाल र भारत दुवै देशको इतिहासबाट बुझिन्छ। यस विषयमा मैले अन्तै लेखिसकेको छु।[४] छोराको लाशसँगै आमा पोलिएर मर्ने त्यस प्रथालाई हिन्दुस्थानतिर मा–सती भन्ने चलन थियो[५] भन्ने बुझिएकोले यो प्रथा पनि सतीप्रथा जति व्यापक नभए पनि केही मात्रामा प्रतिष्ठित प्रथा थियो भन्ने बुझिन्छ।

---

४. वि. सं. २०३४ मा प्रकाशित *पूर्णिमा*को ३८ अङ्कका ७४–८९ पृष्ठमा छापिएको, महेशराज पन्तको *महेन्द्र मल्लको विषयमा केही कुरा* भन्ने निबन्ध, सो अङ्कका ७९–८४ पृष्ठ।

वि. सं. १७३६ मा प्रताप मल्लका मठ्याहा छोरा भाकुतु परलोक हुँदा भाकुतुकी आमा र स्वास्नी सँगै सती गएको विषयमा मैले *पूर्णिमा*को ३८ अङ्कको ७९ पृष्ठमा लेखेको थिएँ। महाभारतको लडाइँमा कुनै लडाका मरेको सुनेर उसकी आमा र स्वास्नी सती जान आएको बयान भट्ट नारायणको नाटक *वेणीसंहार*मा परेको छ—

सुन्दरकः— ··· हा, अदिकरुणं क्खु ए त्थ वट्टइ। एसा वीलमादा समलविणिहदं पुत्तअं सुणिअ रत्तंसुअणिवसणाए समग्गभूसणाए वहूए सह अणुमरदि। (सश्लाघम्।) साहु वीरमादे साहु। अण्णसिं वि जम्मन्तरे अणिहदपुत्तआ हुविस्ससि।

[सुन्दरकः— हा, अतिकरुणं खल्वत्र वर्तते। एषा वीरमाता समरविनिहतं पुत्रकं श्रुत्वा रक्तांशुकनिवसनया समग्रभूषणया वध्वा सहाऽनुम्रियते। (सश्लाघम्।)साधु वीरमातः साधु। अन्यस्मिन्नपि जन्मान्तरेऽनिहतपुत्रका भविष्यसि।]

(*वेणीसंहार* ४।९+)

[सुन्दरक— हरे, ज्यादै दया लाग्दो दृश्य यहाँ छ। यिनी वीरमाता छोरा लडाइँमा मरेको सुनेर रातो लुगा लाएकी, गहनाले ढकिझुट्ट भएकी बुहारीसँगै सती जान आएकी छन। (सह्लनी गरेर।) वीरमाता तपाईंले राम्रो गर्नुभयो। तपाईंले अर्को जन्ममा पुत्रशोक सहनुपर्नेछैन।]

यताबाट भाकुतु मर्दा उनकी आमा र स्वास्नी पुरानै चलनअनुसार सँगै सती गएका रहेछन् भन्ने देखिन गएको छ।

५. वि. सं. १९८५ मा लन्डनबाट जर्ज एलेन यान्ड अनविन लिमिटेडद्वारा प्रकाशित, एड्वर्ड थम्प्सनको *सटी ए हिसटरइकल यान्ड् फिलोसफइकल इन्क्वाइरि इन् टु द हिन्डू राइट् अफ् विड्ओ–बर्न्इङ्* (सती–विधवालाई पोल्ने हिन्दू विधिभित्र इतिहास र दर्शनको दृष्टिले खोजतलाश) का ३७–३८ पृष्ठ।

अब हामी आफ्नै विषयपट्टि लागौं । अर्थात् नरभूपाल शाह परलोक हुँदा जसरी उनको एउटा केटोले प्राणत्याग गऱ्यो, त्यसरी अरू अरू राजाहरूका केटाले त्यस्तो अवस्था पर्दा प्राणत्याग गरेका उदाहरण इतिहासमा पाइन्छन् कि भन्ने विषयमा विचार गरौं ।

उत्तरभारतको थानेसरका राजा प्रभाकर वर्धन वि. सं. ६६३ तिर परलोक हुँदा मालिकको विरह खप्न नसकी उनका केही भृत्यहरूले चितामा हामफालेर मरेको बयान प्रभाकर वर्धनका छोरा हर्ष वर्धनका दरबारिया कवि बाणले आफ्नो *हर्षचरित*मा लेखेको कुरालाई यस प्रसङ्गमा औंल्याउनुपरेको छ ।[६]

कृष्णस्वामी आयङ्गारको वि. सं. १९६३ मा छापिएको एउटा लेखमा दक्षिणापथका शासक मर्दा उनका भृत्यहरूले प्राणत्याग गरेका केही उदाहरण बटुलिएका छन् । तिनमध्ये तीनवटा उदाहरण हाम्रो विषयसंग सम्बद्ध भएकाले तिनको चर्चा यहाँ गर्नुपरेको छ ।

गङ्गवंशका राजा नीतिमार्ग परलोक हुँदा उनका भृत्यहरू चितामा हामफालेर मरेको बयान हसन जिल्लाको अर्कल-गूड तालुकको एउटा अभिलेखमा गरिएको छ । त्यस्तै गङ्गवंशका अर्का राजा सत्यवाक्य परलोक हुँदा पनि नीतिमार्ग परलोक हुँदाको घटना दोहरिएको थियो भन्ने कुरा पनि त्यतातिरको अर्को अभिलेखबाट बुझिएको छ । आसन्दि-नाडका शासक परलोक हुँदा एक जना केटोले प्राणत्याग गऱ्यो भन्ने कुरा कदुर भन्ने ठाउँको वि. सं. १२३७ तिरको अभिलेखमा लेखिएको छ ।[७]

यी त भए नरभूपालभन्दा सयौं वर्षअगाडिका कुरा । अब नरभूपालको समयको पाइएसम्म नजीकैका उदाहरण भेट्टाउने कोशिश गरौं । एड्वर्ड थम्प्सनको वि. सं. १९८५ मा छापिएको सतीप्रथासम्बन्धी पुस्तकबाट यस विषयमा हामीलाई केही मदत मिल्न गएको छ ।

वि. सं. १८७५ मा जयपुरका राजा परलोक हुँदा उनको लाशसँग १८ जना स्वास्नीमान्छे र १८ जना लोग्नेमान्छे पोलिएर मरे । तिनमध्ये एक जना नाउ पनि थियो ।[८]

गुजरात प्रान्तमा पर्ने ईदर भन्ने रजपूत राज्यका राजा वि. सं. १८९० मा परलोक हुँदा उनको लाशसँगै उनका सात रानी, दुइ भित्रेनी, चार केटी र एक केटो पोलिएर मरेका थिए ।[९]

---

६. *पूर्णिमा*को ३८ अङ्कका ८०–८२ पृष्ठ ।

७. वि. सं. १९६३ मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) को ३५ भागमा छापिएको कृष्णस्वामी आयङ्गारको *सेल्फ्–इम्मोलेशन् हिच् इज् नट् सती* (आफूलाई मार्ने काम, सती भने होइन) भन्ने निबन्ध, सो भागका १२९–१३० पृष्ठ ।

८. थम्प्सनको पुस्तकको ३८ पृष्ठ ।

९. उही पुस्तकका ८४–८५ पृष्ठ ।

यो सबै कुराबाट नरभूपालको समयभन्दा धेरैधेरै अगाडिदेखि र पछाडि पनि मालिकको लाशसँग केटा पोलिएर मर्ने गर्थे भन्ने कुरा बुझिएको छ ।

भारत घुम्न आएका विदेशी यात्रीहरूले यस विषयमा लेखेका कुराको पनि यहाँनिर चर्चा गर्नुपरेको छ ।

विक्रमको दशौँ शताब्दीमा भारत आएका अरब यात्री अबू जैदले दक्षिणापथका केही राजाहरूले गादी चढ्दा गरिने एउटा अनौठो विधिको बयान गरेका छन् । गादी चढ्दा त्यस विधिअनुसार राजालाई केराको पातमा भात पस्केर दिने; पस्केर दिएको भात आफूले केही खाएर बाँकी राजाले आफ्नो ज्यादै नजीकका सेवकहरूलाई बाँडिदिने; त्यो भात जुन जुन सेवकले खान्छन्, ती राजा मर्दा वा मारिँदा ती ती सेवकले त्यही दिन चितामा हामफालेर मर्ने चलन छ भन्ने कुरा अबू जैदको लेखबाट थाहा पाइन्छ ।[१०]

विक्रमको चौधौँ शताब्दीमा भेनिसबाट भारत आएका प्रसिद्ध यात्री मार्को पोलोको यात्रावृत्तान्तमा पाण्ड्यराज्यमा चलेको यस्तै प्रकारको रीतको बयान गरिएको छ । राजासँग हरदम साथ रहने केही भारादारहरू राजा परलोक भएपछि चितामा हामफालेर मर्छन् भन्ने कुरा मार्को पोलोको वृत्तान्तबाट बुझिन्छ ।[११]

विक्रमको सोह्रौँ शताब्दीमा पोर्चुगलबाट भारत आएका बार्बोसाको पुस्तकबाट पनि हाम्रो यस प्रश्नमा केही प्रकाश पर्छ । दक्षिण भारतको विजयनगरका राजा मर्दा सयौँ स्वास्नीमान्छेहरू र ती राजाका ज्यादै नजीकका धेरै लोग्ने-मान्छेहरू पनि उनीसँगै पोलिएर मर्छन् भन्ने कुरा बार्बोसाले आफ्नो यात्रावृत्तान्तमा लेखेका छन् ।[१२]

भारतबाहिर पनि भारतीय प्रभाव परेका ठाउँमा लोग्नेमान्छे पनि सती जाने चलन थियो भन्ने कुरा थाहा पाइएको छ । कम्बोडियामा राजा मर्दा उनका रानी मात्र होइन, भारादारहरू पनि पोलिएर मर्थे भन्ने कुरा विक्रमको सोह्रौँ शताब्दीको लेखबाट बुझिएको छ ।[१३]

---

१०. वि. सं. २०३६ मा नयाँ दिल्लीबाट कस्मो पब्लिकेशन्जद्वारा फेरि प्रकाशित, चिन्तामणि विनायक वैद्यको *हिस्टरि अफ् मेड्इईभल् हिन्दू इन्डिअ* ( मध्यकालको हिन्दू भारतवर्षको इतिहास)को दोस्रो भागका १९०–१९१ पृष्ठ ।

वि. सं. २०२३ मा बम्बईबाट भारतीय विद्याभवनद्वारा प्रकाशित द *हिस्टरि यान्ड् कल्चर् अफ् द इन्डिअन् पीप्ल्* (भारतीय जनताको इतिहास र संस्कृति) को पाँचौँ भागको दोस्रो संस्करणको ४९४ पृष्ठ ।

११. उही पुस्तकको उही पृष्ठ ।

१२. वि. सं. २०४१ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित, एन. एम. पेन्जरद्वारा सम्पादित *दि ओशन् अफ् स्टोरिज् बीइङ् सी. एच्. टनि'ज ट्रान्स्लेशन् अफ् सोमदेव'ज् कथासरित्सागर* (कथाको समुद्र अर्थात् सोमदेवको कथासरित्सागरको सी. एच. टनिले गरेको उल्था)को चौथो भागका २६९–२७० पृष्ठ ।

१३. वि. सं. २०२४ मा दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा फेरि प्रकाशित, हेनि युल र अर्थर बर्नेलद्वारा रचित,

त्यसै गरेर बालीमा पनि लोग्ने मर्दा स्वास्नी मात्र सती नगई लोग्नेमान्छे नोकर पनि पोलिएर मर्थे भन्ने कुरा विक्रमको उन्नाइसौं शताब्दीको लेखबाट थाहा भएको छ।[१४]

यो सबै कुराबाट यो प्रथा पनि मा-सतीको प्रथा जस्तै प्रतिष्ठित प्रथा थियो भन्ने देखिन आएको छ। लोग्नेको लाशसँग पोलिएर मर्ने स्त्रीलाई सती भने जस्तै मालिकको लाशसँग पोलिएर मर्ने केटोलाई सतु भन्ने चलन थियो भन्ने कुरा पनि थाहा हुन आएको छ।[१५]

थम्प्सनले सती होइन कि सतुप्रथाका दुइवटा उदाहरण मात्र दिए तापनि सतुप्रथा राजस्थानतिर रजपूतहरूमा खास गरी चलेको थियो भनी लेखेका छन्।[१६] यताबाट हिन्दू धर्मको रक्षा गर्न भनी राजपूतानाबाट पहाड पसेको भनी प्रख्यात भएको गोरखाली राजवंशका एक जना राजा नरभूपाल शाह परलोक हुँदा एक जना केटोले प्राणत्याग गरेको घटना रजपूतपरम्पराको अवशेषको रूपमा देखिन आएको छ।

# पश्चिमतिर हमला गर्नको लागि झारा लगाइएको वि. सं. १८४१ को अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गा १

१· स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का = = = = =
२· आगे नाम्बुडाका ऊम्राप्रति· विजयादसमीको सायेत गरो पश्चि-

---

विलियम क्रूकद्वारा सम्पादित *हब्सन्-जब्सन्, ए ग्लसरि अफ् याङ्ग्लो-इन्डिअन् कलोक्विअल् वर्ड्ज् याण्ड् फ्रेज्इज् यान्ड् किन्डर्ड् टर्म्ज्* (तमाशा — हिन्दुस्थानी भाषाहरूका अङ्ग्रेजीमा चलेका शब्द र वाक्यांशका तथा उस्तै शब्दका अभिधान) को ८८० पृष्ठ।

१४. उही पुस्तकको ८८२ पृष्ठ।

१५. थम्प्सनको पुस्तकको ३८ पृष्ठ।

१६· उही पुस्तकका २०, २४ पृष्ठ।

३· मतिरको काज गर्न आटियो. तसर्थ तिमिहरुले आपना ओडाका
४· ठाना थामी जागिऱ्या ढाक्या सिपाहीले पंच हतियार लि ब्राह्म-
५· न प्रजा पौनी पातले कोदालो बंचरो लौ आफुलाई चाहिन्या सा-
६· राजाम लि छतिसै जात डक्को ऋारा भै टिकाको पाईतो गरी लमजुं
७· तनहु भारादारछेऊ रातसाज गरी पुग. सर्वथा. अघिका पाला ऋा-
८· रा भै पुगेनछौ गरे. एस पाला पनी ऋारा भै निषिकन नगया डंड सा-
९· स्ति दुवै पछ गरौला. ईति सम्वत १८४१ साल आस्वीनवदी १३ रोज १ सुभ

( यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ६९ सङ्ख्याको खाममा छ।)

# गोरखादरबारमा दसैँमा फूलको व्यवस्था गर्ने विषयको वि. सं. १८४८ को अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गाः १

श्रीदुर्ग्गा
भवानि

१· स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का = = = = =
२· आगे वासु नेवार कर्मसिं घर २ के गोर्षाको दर्बारमा
३· दसैंको नवरात्रिभर्दसैं घरमा फुल पुऱ्यावनु. अघि-
४· पछि अर्मासिं थापाका घरबारिको चिताइ गर्नु. हा-
५· तिदाना हासिल साउन्याफागु चौधरिको स-
६· ब रकम् माफ् गरिबक्स्यौं. आपना षातिर्जामा-

७. संग आफुलाइ लाग्याको टहलमा रुजु रह-
८. न्या गर. इति सम्वत् १८४८ साल श्रावणवदि १ रोज १ शुभं[1]

(पछिल्तिर)

मारफत रणजित पांडे

(यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ५७ सङ्ख्याको खाममा छ ।)

# लम्जुङदरबार मर्मत गर्ने विषयको वि. सं. १८५२ को अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गा सहाय १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – –
२. आगे भवानंन्द षवासप्रति. लम्जुङ गाउं बर्यासिको दर्बार बनाउंदा
३. बोसि कर्मि अवालहरुकं न सिधा नुन् तिहुन् र पूजा गैरहको षर्च
४. बाजवि जो लाग्छ. तस्मध्ये आधा मनाङको आमदनीले लाउंनु.
५. आधा पाउंचोक गैरह चारनालका आमदानीले लाउंनु. बहि बुझ-
६. दा बाजवि लाग्याको मोजरा बक्सौं ला. ईति संम्वत् १८५२ साल मि-
७. ति आश्विणसुदि रोज शुभम् = = = =

(यस पत्रको सकल परराष्ट्रमन्त्रालयको २४ सङ्ख्याको खाममा छ ।)

---

१. *श्रावणवदि १ रोज १ शुभं* अर्कै अक्षरमा लेखिएको छ ।

# लडाइँको लागि विष झिकाइएको वि. सं. १८५२ को अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री ७

श्रीदुर्गा

भवानि

१· स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – –
२· आगे बुढाथोकका अम्बालिदारप्रति. लडाईका काजला-
३· ई विष चाहिन्छ. तसर्थ बेस असल चोषो विष षोजाई सु-
४· काई बनाईकन भारि ३ मोहर देषत ताकित गरि दर्बार
५· ल्याई पुऱ्याव. सर्वथा. ईति सम्वत १८५२ साल मिति माघ-
६· सुदि रोज सुभंम् = = = = = = = =

(यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ४५ सङ्ख्याको खाममा छ।)

# गोरखादरबारमा बत्ती बाल्ने व्यवस्थाविषयको वि. सं. १८६० को अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गासहाऐ १

श्रीदुर्गा

भवानि

१· स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का – – – – – – – – – – – – –

२· आगे गोर्षा दर्बार कुन्हन्या विहुवर लामाके. गोर्षाका पौड्यालसुवारा १
३· कोष्याको दर्बान्या सुवारा १ चंडेहानसुवारा १ रानिसुवारा १ जंमा सुवा-
४· रा ४ को तोरिले रोजिन्ना सांझमा बाति बालनु. सेष जो बाकि रह्याको
५· सो सर्कार दाषिल गर्नु. इति सम्वत १८६० साल मिति जेष्टसुदि ९ रोज २ सुभ्म्*

(यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ५१ सङ्ख्याको खाममा छ ।)

# गोरखादरबार मर्मत गर्ने विषयको वि. सं. १८६२ को अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गा १

१· स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का - - - - -
२· आगे श्रीधर पंथ केहेरसिं राना गजबल षत्री गजबल बानिआंप्रति. तां-
३· हा गोर्षाको दरबार बिगन्याको एस साल बनाऊनपर्छ. तसअर्थ परा-
४· र कटायाका काठ कति काममा लाग्यो. कति बाकि रह्याका छन्. कति दर्बा-
५· रमा बोकाई राष्याको छ. कति वनमा रह्याको. हिसाब लेषि जाहा हाम्रा ह-
६· जुरमा चन्हाई पठाऊ. अरु कटाऊना काठलाई सोझा सोझा बेस बाकला रु-
७· ष जाहा छ हेरी बुझि चा(जा)चि आफुले गर्न्या ताकिति गरि राष. बोसीकर्मिह-
८· रु आऊछन्. ऊनिहरु आयापछि हात षालि नहोस्. ईति संवत् १८६२ सा-
९· ल ज्येष्टवदि १४ रोज २ शुभम्

(पछिल्तिर)

मार्कत भीमसेन थापा

( यस पत्रको नकल परराष्ट्रमन्त्रालयको २२ सङ्ख्याको खाममा छ ।)

* जेष्टसुदि ९ रोज २ सुभ्म् अर्कै अक्षरमा लेखिएको छ ।

# नट्वा गबैयाका द्वारे नियुक्त गरिएको वि. सं. १८६५ को अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गासहाए १

श्रीदुर्गा
भवानि

१· स्वस्ति श्रीमन्हाराजाधिराजकस्य रुक्का - - - - - - - - - - - -
२· आगे थापा कथ्थकके. छोकडा पतुरिया कथ्थक कलावत कौवाल गवैया गै-
३· रहका द्वारी मान गरि नोकर राष्यौं. दर्माहा रुपैया बिस् २० गरिबक्स्यौ. आपवा
४· षातिरज्मासंग ढोकामा हाजिर रुज्जु रहि दर्माहा र मामुली र छोकडा पतु-
५· रिया कथ्थक कलावत कौवाल गवैञा गैरहका ईनाम बिदाई नगद जिनि-
६· सि दर्बारबाट पायाको र भरभारादारले दियाको फि रुपैया एक आना-
७· को निसफ् लि सालबसाल भोग्य गर. ईति सम्वत् १८६५ साल मिती श्रावण-
८· वदि ४ रोज २ शुभम् = = = = = =

(पछिल्तिर)
मार्फत् रणध्वज थापा

(यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ६० सङ्ख्याको खाममा छ ।)

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको
# नेपालको संक्षिप्त इतिहास

सम्पादक –देवीप्रसाद भण्डारी

चौबीसौं परिच्छेद

## बहादुर शाहको मुखत्यारी (३)
## भोटमा फेरि युद्ध, सुखिममा अधिकार र चिनियाँको आक्रमण
(ई. सं. १७९१–१७९३)[1]

१। भोटका पोताला लामा, टसी लामा र सक्य लामाहरूले आफ्ना प्रतिनिधि र मन्त्रीहरू पठाई अनेक धर्म भाकी सूर्यचन्द्र रहेसम्म कायम रहनेछ भनी केरुंगको सन्धि गरेका थिए । यो सन्धिपत्र गराइदिएमा आदर प्रकट गर्नाका निमित्त बहादुर शाहले रणबहादुर शाहका खलितापत्रका साथ चीनसम्राट् छ्याङ लुङ्छेउ काजी हरिहर थापा (मगर) र सर्दार बलभद्र खवासलाई चीनमा पठाएका थिए । यिनीहरू नफर्कंदै पोताला लामाले केरुंगका सन्धिबमोजिम दिनुपर्ने एक सालको रु. ५० हजार दाखिल पनि गरे । यो सन्धिपत्र गराउने चिनियाँ भारादार पाछुङ चीनतिर फर्केपछि हरिहर थापा पनि नेपालतिर आए । यिनीहरू फर्केनेबित्तिकै त्यस सन्धिपत्रलाई बदर गराउनतिर पोताला लामाका मन्त्रीहरू लागे । यस समयमा भोटको हेरचाह गर्नका निमित्त जो दुइ जना चिनियाँ अम्बाहरू ह्लासामा आएर बसेका थिए, ती नौला हुनाले भोट र नेपालको व्यवहार राम्रो जान्दैनथे । यस कारणले भोटका लामाहरूले ती अम्बाहरूलाई आफ्ना पक्षमा ल्याउने मौका भेट्टाए, पाछुङले नेपालसरकारबाट घूस लिएर सन्धिपत्र गराएका हुन् भनी अम्बाहरूका कान भरे । दोस्रा सालमा यी अम्बाहरू आफ्ना पक्षमा ढल्केको देखेर चिनदेउक भन्ने एक लामालाई काठमाडौंमा पठाई रु. ५० हजार तिर्न सक्तैनौं भनी आफ्नो असक देखाए । सकेसम्म ल्याऊ, पुगनपुगमा विचार होला भनी बहादुर शाहले जवाफ दिए, तर यहाँपछि सन्धिपत्र बदल्ने कुरा मात्र चलाई भएका सन्धि-पत्रका शर्तहरू ठण्डा गरिदिए । चीनसँग फुट्ट विरोध गर्ने बहादुर शाहको विचार थिएन, यस कारणले चीनसरकार मध्यस्थ भएर गरिएका सन्धिपत्रको पालना गराइयोस् भन्ने खलितापत्र लेखी छ्याङ लुङका नाममा पठाए । ह्लासामा

---

१. वि. सं. १८४८–१८४९ ।

रहेका अम्बामार्फत खलितापत्र जाने नियम थियो । ती अम्बाहरूले खलितापत्र नै गोलमाल गरिदिए । यस कारणले ई. सं. १७९१ का[२] बर्सादमा बहादुर शाहले भोटमा दोस्रा पटक आक्रमण गर्न गोरखाली सैन्य खटाए ।

२। यस समयमा गढवालमा युद्ध चलिरहेको हुनाले सल्यानादेखि परतिरका गोरखाली सैनिक उतै लागेका थिए । प्युठाना, परबत र कास्कीमा रणजित् राणा, जसिवन्त भण्डारी र कालु पाँडेका साथ रहेका सैनिकहरूलाई केरुंगमा झिकाए । त्यताबाट झुंगामा आक्रमण गर्न अगस्तका मध्यमा[३] अभिमानसिंह बस्न्यातलाई काठमाडौंबाट पठाए । यिनी केरुंगमा पुग्दा रणजित् आदि पुगिसकेका थिए । सितम्बरका मध्यमा[४] एक दिन रातको बखत पारी यिनीहरूले झुंगामा आक्रमण गर्दा किल्ला टुट्न नसकी सात माइल[५]वर केराउबारीमा आई बसे ।

पूर्वपट्टिका मुख्य हिमालयका घाटाहरू पार गरी डिगर्चामा अधिकार गर्नाका निमित्त ठूलो तयारी गरिएको थियो । जुलाईका आखिरमा[६] पल्ला किराँतका सैनिक लिएर कीर्तिमानसिंह बस्न्यात हटियाको बाटो गरी अरुण-कोशीका सिरानपट्टिबाट हिमालय पार भए । यिनलाई रोक्नाका निमित्त चोरबालुवामा रहेका शत्रुसैन्यलाई हटाई टिङग्रीजुंगका गढीमा अधिकार गरेर बसे । यी पनि डिगर्चा पुग्ने उमेद लिएर गएका थिए । तर सामान र सैनिक कम हुँदा त्यहीँ अडिए । अगस्तका आरम्भमा[७] दोलखाबाट बडो सैन्य लिएर फलाकको बाटो गरी दामोदर पाँडे र देवदत्त थापा कुतीमा उत्रे । काठमाडौंबाट अर्को सैन्य लिई बम शाह र जहरसिंह बस्न्यात पनि रमाना भएका थिए । यिनीहरूलाई पनि लिएर दामोदर पाँडे सरासर अगाडि बढे । कुतीबाट सिखार्जुंगसम्म ६ बासमा ८५ माइल[८] पर गएर केही दिन मुकाम गरी दोलखाबाट रसद आइपुगेपछि डिगर्चातिर बढे । सिखार्जुंगबाट डिगर्चा ८ बास गई १०७ माइल[९] हिंडेर अक्तूबरका आरम्भमा[१०] दाखिल भए ।

३। कीर्तिमानसिंह बस्न्यात र दामोदर पाँडेहरूले हिमालय पार गर्दा चिनियाँ अम्बाहरू डिगर्चामा आएर छ्याङ्जु लामाका साथ गोरखाली सैन्यको गतिविधि हेरिरहेका थिए । कुतीबाट पसेका गोरखाली सैन्यलाई भोटिया सैन्यले रोक्न नसक्ने देखेर दामोदर पाँडे पुग्नुभन्दा १५ दिनअगाडि छ्याङ्जु लामा र अम्बाहरूसमेत डिगर्चा छोडेर ल्हासातिर रमाना भएका थिए । दामोदर पाँडेले डिगर्चाका टसी लामाका मठ वा महलभित्र प्रवेश गर्दा त्यहाँ ५ सय जति भिक्षु वा बाँडाहरू रहेका थिए । यिनीहरूका मुखियालाई पक्रेर दामोदर पाँडेले नेपालसरकारको लिन बाँकी डेढ लाख रुपियाँ माग्दा ५० हजार रुपियाँ नगद दिए । बाँकी एक लाख रुपियाँका निमित्त ५ सय धार्नी बुकेसुन ल्याओ भनी दामोदर पाँडेले करेप्दा रातमा सबै भागेर मठ खाली गरिदिए । यस रिसमा मठमा दामोदर पाँडेले दखल जमाई ब्रह्मपुत्रसम्मको टसी लामाका अधिकारमा रहेको प्रदेशलाई आफ्ना अधिकारमा आएको सम्झेर त्यहाँ नेपाली शासन स्थापना गर्नाका निमित्त डेढ महीनासम्म प्रयत्न गरे । ५० हजार रुपियाँ लिएर गोरखाली भारादार फर्कलान् भन्ने छ्याङ्जु लामाको उमेद थियो । तर यिनीहरू डिगर्चामा नै अडिदिँदा यिनीहरूको त्यहीँ संहार गरिदिने अठोटमा ती लागे ।

---

२. वि. सं. १८४८ का ।   ३. श्रावण निगल्दो ।   ४. भदौ निगल्दो ।

५. ३ कोस ।   ६. श्रावणका मध्यतिर ।   ७. श्रावणका तेस्रो हप्तामा

८. ३७ कोस ।   ९. ४७ कोस ।   १०. असोजका मध्यतिर ।

दोलखाबाट अड्डासार गरी भरियाद्वारा बोकाई ल्याएको रसद गोरखाली सैन्यमा व्यवहार हुन्थ्यो । नवम्बर लागेपछि[११] हिउँले बाटो रोकी रसद आउन ढीला हुन लागेको थियो । छयाङ्जु लामाका कोशिशले बाटामा परेका गाउँका रैती मिली त्यो रसद लूटपाट गर्न लागे । यसरी सिखार्जुंगपट्टिको बाटो थुनिएको हुनाले दामोदर पाँडेले डिगर्चा छोडी नेपालमा उत्रन उचित देखे । यो बाटोभन्दा अरुनकोशीको सिरानपट्टिबाट हटियामा उत्रने बाटो छोटो र फराकिलो हुनाले यतैबाट फर्कने निधो गरे । भोटका लामाहरूले र चिनियाँ अम्बाहरूले नेपाली भारादारको वास्त नगरेका हुनाले दामोदर पाँडेले त्यस मठमा जडिएका सुनाचाँदीका पाता उखेली (अरू गोरखालीले देवस्व कहीँ लुटेका थिएनन्) डिगर्चामा रहेको धनलाई राजस्व गनेर लूट गरी ल्याए । परन्तु भोटियाहरू त्यस मठका सम्पत्तिलाई देवस्व सम्झन्थे । यो धन लुटिएको खबर फैलिँदा भोटभरमा सनसनी फैलियो । दिसम्बरका आरम्भमा[१२] गोरखाली भारादारले डिगर्चा छोडे । बाटाघाटा हिउँले छोपिन लागेका थिए । सैनिक–सिपाही र पिपाहरूका दोचा जुत्ता भइसकेका हुनाले हिँड्न महाकठिन थियो । रसद दाउरा नपाउँदा उस्तै हाहा भयो । दश बाह्र दिनको बाटो एक महीना लगाएर ई. सं. १७९२ का जनवरीका आरम्भमा[१३] गोरखाली भारादारहरू हटियामा उत्रे । डिगर्चाबाट फर्कंदा यिनका साथमा ४ हजार जति सैनिक थिए । तिनमा आधा जति बाटैमा हिउँले कक्रिएर तथा रसदका कमीले खतम भए । बचेका सैनिक लिएर यस महीनाका मध्यमा[१४] दामोदर पाँडे आदि काठमाडौँमा दाखिल भए । अभिमानसिंह बस्न्यात र कीर्तिमानसिंह बस्न्यातले केहीअगाडि नै आफ्ना साथमा रहेका सैन्यलाई साबुदै फर्काएर ल्याएका थिए ।

४। डिगर्चाको मठ लुटिएपछि भोटका लामाहरूले र चिनियाँ अम्बाहरूले समेत त्यहाँबाट फर्केका गोरखाली सैनिकहरूलाई रोकेर संहार गरिदिनाका निमित्त सुखिमका भारादारलाई पनि उठाए । यस समयमा त्यहाँका राजा. . . बालक थिए । तिनकी आमाले शासनको काम चलाइरहेकी थिइन् । यिनीहरू जातका भोटिया हुनाले भोटका लामाहरूको आज्ञा नाघ्न सक्दैनथे । डिगर्चाबाट गोरखाली सैन्य फर्कनेबित्तिकै सुखिमका सेनापति युवसथुकले भोटिया र लाप्चाहरूको एक सैन्य जम्मा गरी पल्लो किरातका सिद्धपुरमा ल्याए । यिनले याकथुम्बाहरूलाई नेपालसरकारका विरुद्ध भड्काउने प्रयत्न गर्दा गर्दै दामोदर पाँडे आदिले गोरखाली सैन्य काठमाडौँमा पुर्‍याएका थिए । सिद्धपुरमा केही याकथुम्बा पनि सुखिमका सैन्यमा मिल्न लागे । यो देखेर टिंग्रीबाट फर्केका सरदार बदलसिंह बस्न्यात र चैनपुरका सुबा पूर्णानन्द उपाध्यायले ५ सय जति सैन्य लिएर सिद्धपुरमा आक्रमण गरिदिँदा ५ सय जति शत्रु सैनिक परे (फरवरी) ।[१५] बचेका सैन्यलाई युवसथकले बडो होशियारीसँग सिद्धिपोखरी भन्ने विकट जग्गामा लगे । त्यस सैन्यका उपर आक्रमण गर्नालाई काठमाडौंबाट देवदत्त थापाका साथ एक हजार जति सैनिक बहादुर शाहले पठाए । तिनले तीनतर्फबाट सिद्धिपोखरीमा घेरा दिई शत्रुका उपर आक्रमण गरे । युवसथुकका साथ ६ सय शत्रुसैनिक खलङ्गभित्र मारिए र छिन्नभिन्न भए (मार्च)[१६] । देवदत्त थापा टिस्ता नदीसम्म पुगी दोर्जेलिङसमेत दखल गरे । बालक छोरालाई छोडेर सुखिमकी राजमाता ल्हासा पुगिन् । बहादुर शाहले भोटसँग सुखिमलाई छुट्ट्याउनाका निमित्त ··· लाई राजा थामी यस रियासतलाई आफ्ना आश्रयमा ल्याए ।

५। चिनियाँ भारादार पाछुङका मध्यस्थतामा भएका केरुंगका सन्धिपत्रलाई तोड्नाका निमित्त भोटका लामाहरूले

---

११. कार्तिकका मध्यपछि । १२. मार्गका आधाआधीमा । १३. पौषका आधाआधीमा ।
१४. माघका आरम्भमा । १५. फाल्गुन । १६. चैत्र ।

जो बडो प्रयत्न गरेका थिए, त्यसलाई डिगर्चाका लूटले बडो मद्दत गर्‍यो । टसी लामा पाल्देन येशेलाई चीनसम्राट् छ्याङ लुङ्ले जो सौगात दिएका थिए; त्यो पनि डिगर्चाका मठमा रहेको थियो । सम्राट्ले दिएको सौगात लुटेर नेपालीले टसी लामाको मात्र होइन, सम्राट्को पनि अपमान गरे भन्ने छ्याङ लुङ्छेउ अर्जी पठाए । यस कुराको जाँच गर्न भनी जुवाईं नाता भएका तुङथ्वाङनामक एक भारादारलाई छ्याङ लुङ्ले भोटमा पठाए । यी मार्चका आरम्भमा[17] ल्हासामा आइपुगे । डिगर्चाको मठ लुटिँदा भोटभरमा सनसनी फैलिएको हुनाले नेपालसरकारको अन्याय ठहराएर नेपालमा आक्रमण गर्नाका निमित्त एक चिनियाँ सैन्य झिकाए । तर तुङथ्वाङ र अम्बाहरूका बीचमा मेल नहुनाले अम्बाहरूले नेपालसरकारसँग सन्धि गर्न भोटका भारादारलाई अह्राए । सन्धिका शर्त तय गर्नालाई ल्हासाका एक ठूला मन्त्री धुरीन र युतो भन्ने भारादार कुतीमा आए । नेपालबाट टकसारी नरसिंह शाहीका साथ एक टोली सन्धि-पत्र गर्न गयो । धुरीनले स्याम्हर्पा लामा नआई सन्धिपत्रका शर्त तय हुन सक्दैनन् भन्ने जवाफ दिँदा बहादुर शाहले तिनलाई पनि पठाइदिए । तर धुरीनको सन्धि गर्ने विचार थिएन, स्याम्हर्पा लामालाई पक्रने ध्याउन्नमा लागे । यस कारणले नरसिंह शाहीले धुरीन, युतो र यिनका साथ रहेका ढेबाहरूलाई समेत पक्रेर काठमाडौँमा ल्याए ( मई )।[18]

६। धुरीन र युतो पक्रिएपछि ल्हासामा अर्को सनसनी मच्चियो । तुङथ्वाङ र अम्बाहरू मिली नेपाल ध्वस्त पार्ने अठोट गरेर रणबहादुर शाहका नाउँमा खलितापत्र लेखे । यो पत्र लिएर दुइ जना चिनियाँ केरुंगमा आई खलितापत्रको स्वागत होओस् भन्ने सन्देश काठमाडौँमा पठाए, स्वागत गर्न कोही नजाँदा त्यसै आएर पत्र सौँपे । त्यस पत्रमा डिगर्चामा लुटिएका मालको मोल कैयौँ लाख रुपियाँ तोकिएको थियो । धुरीन र युतोलाई छोडिदिने र स्याम्हर्पा लामालाई सौँपिदिने आज्ञा दिइएको थियो । रणबहादुर शाहका भाषाबाट बहादुर शाहले जवाफ दिँदा भोटबाट दिनुपर्ने सन्धिपत्रबमोजिमको रुपियाँ चुक्ती गरी बुझाएमा डिगर्चाबाट ल्याएको माल फिर्ता दिने र नयाँ सन्धिपत्र गरेमा धुरीन र युतोलाई छोडिदिने कबूल गरे, तर शरणमा आएका स्याम्हर्पा लामालाई सौँपन इन्कार गरिदिए । यो जवाफ खरो भए तापनि अनुचित थिएन । तर खलितापत्र लिएर आउने चिनियालाई काठमाडौँमा रोकिराखे, यो उचित काम थिएन ।

तुङथ्वाङले ७ हजार जति चिनियाँ सैनिक झिकाई ३ हजार जति भोटिया युवकलाई पनि सैनिकशिक्षा दिई नेपालमा आक्रमण गर्नालाई १० हजार जति तालीमी सैन्य ठीक पारेर राखेका थिए । नेपालबाट खलितापत्रको खरो जवाफ पाउँदा र आफूले पठाएका चिनियाँ दूत काठमाडौँमा थुनिएको सुन्दा नेपालको सर्वनाश गर्ने सङ्कल्प गरी अम्बाहरूलाई समेत लिएर ल्हासाबाट रमाना भए । कुतीतिरको बाटो हिउँले बन्द गरिरहेको हुनाले केरुंगतिर लागी २० जूनका दिन[19] कुकुरघाटमा त्रिशूली तरी नेपालका सिमानाभित्र पसे । यस समयमा केरुंगप्रदेशको रक्षा गर्न भनी ४ कम्पनी गोरखाली सैन्य लिएर सर्दार शत्रुभञ्जन मल्ल र सुबा पिहवर लामा रहेका थिए । कुकुरघाटको ठाना जिती पांगसिंगटारमा रोक्न गएका गोरखाली सैनिकलाई हटाई सात दिनपछि शत्रुको सैन्य केरुंगका गढीनेर आइपुग्यो । शत्रुभञ्जन मल्लले दुइ दिनसम्म त्यस गढीमा शत्रुलाई रोके । तर १० हजार तालीमी सैनिकसँग यी ५ सय जति गोरखाली सैनिकको के लाग्दथ्यो ? लगभग दशौँ सैनिक बाँकी रहेपछि निज सरदार र सुबा घायल भई केरुंग छोडेर आए ।

---

१७. फागुनका आधाआधीमा । १८. वि. सं. १८४९ ज्येष्ठ । १९. आषाढ ९ गते ।

७। नेपालमा चिनियाँ सैन्यको आक्रमण हुने भएको छ भनी धुरीनले बहादुर शाहलाई सुनाएका थिए। तर हिमालय नाघेर चिनियाँ सैन्य नेपालपट्टि झर्न सक्ला भन्ने विश्वास मानेका थिएनन्। आइहाले तापनि हिमालका खोँचमा पारेर त्यस सैन्यलाई गोरखाली सैन्यले संहार पार्न सक्ने देखेका थिए। शत्रुभञ्जन मल्लबाट चिनियाँ सैन्य कुकुरघाट तरी आएको खबर पाउँदा ती छक्क परे। यस समयमा गोरखाली सैनिकको सङख्या १२ हजार जति पुगेको थियो। तिनमा २५ सय सैनिक गढवालका र १५ सय सैनिक सुखिमका लडाइँमा गइरहेका थिए। ६ हजार सैनिक अरुणदेखि भेरीसम्मका पाहाड र तराईका गौँडागढीमा फिँजिएर रहेका थिए। राजधानी काठमाडौँमा केवल २ हजार सैनिक थिए। चिनियाँ सैन्यले कुकुरघाट तरेको खबर छैटौँ दिनमा बहादुर शाहले सुनेर त्यसै दिन रातको १२ बजे दामोदर पाँडेका साथ शत्रुलाई रोक्न भनी तिनै २ हजार गोरखाली सैनिक रमाना गराए। पाहाड र तराईमा रहेका गोरखाली सैनिकमा आधालाई उहीँ सुबाहरूका साथ थामी बाँकी आधा सैनिक काठमाडौँमा झिकाउन पत्र दौडाए।

काठमाडौँबाट केरुङ जाँदा नुवाकोट पुगेपछि त्रिशूलीको बायाँ किनारा पक्री त्यो नदी तरी त्यसमा मिल्न आएका वेत्रावती, स्याप्रुक र रसुवानामक साना साना नदीका साँगु तर्नुपर्दथ्यो। दामोदर पाँडे स्याप्रुकका किनारामा पुग्दा चिनियाँले केरुङ जितेका खबर पाई त्यहीँ अडिए। शत्रुभञ्जन मल्ल र पिहवर लामा पनि त्यहीँ आएर मिले। दामोदर पाँडेले स्याप्रुकमा नै शत्रुलाई रोक्ने अठोट गरी आधा सैनिक धुन्चेगाउँमा आफ्ना साथमा राखे। आधा सैनिक त्यस गाउँका सिरानका देउराली भन्ने टिप्पामा आफ्ना छोरा रणकेशर पाँडेका साथ पठाए। शत्रुभञ्जन मल्ल फर्कँदा रसुवाको साँघु तोडेर आएका थिए। बर्सादले त्यो नदी बढिरहेको थियो। यस कारणले केही दिन तुङथ्वाङ केरुङमा नै बसी भोटबाट चौँरी भेँडा आदि झिकाएर रसदको इन्तिजाम मिलाए।

८। यो बन्दोवस्त मिलेपछि रसुवाको मूलबाटो छोडी त्यस नदीका सिरानपट्टि गएर जंघार तरी जुलाईका आखिरमा[२०] तुङथ्वाङले आफ्नो सैन्य स्याप्रुकतिर ल्याए। धुन्चे र धौरालीमा रहेका गोरखाली सैनिकहरू यस शत्रुसैन्यका उपर बाजका चालले झम्टन पुगे। यस समयसम्ममा संसारका बडा बडा देशहरूमा फलामे तोप र गोलाको प्रचार प्रशस्त भइसकेको थियो। तर नेपालका पाहाडी प्रदेशहरूमा तोप लैजाने बाटो नबनेको हुनाले यसको प्रचार थिएन। तुङथ्वाङले पनि फलामे तोप हिमालमा चढाउन असम्भव देखेर छालाका १०।१२ तोप ल्याएका थिए। गोला छुटेपछि यी तोप पनि उड्दथे। तुङथ्वाङले यी तोप चलाउँदा गोरखाली सैन्यमा खलबली चल्यो। यस लडाइँमा २५० जति शत्रुसैनिक परे। गोरखाली सैनिकमा ४५ जना जति मात्र खेत रहेका थिए तापनि भास्कर रानासमेत दुइ सुबेदार पर्दा र शत्रुका तोपको अन्दाज नपाउँदा दामोदर पाँडेले आफ्नो सैन्य हटाएर ल्याए। यो लडाइँ हुनुभन्दा अगाडि नै बहादुर शाहले श्री कृष्ण शाह, बम शाह र अभिमानसिंह बस्न्यातका साथमा २ हजार जति गोरखाली सैनिक दामोदर पाँडेका सहायतालाई पठाएका थिए। यिनीहरू वेत्रावती पार भई कमारेगढमा मुकाम गरेका दिन धौरालीको लडाइँ भएको थियो। दामोदर पाँडेको पिछा गर्दै केही शत्रुसैनिक कमारेगढसम्म आइपुगे। यिनलाई दुवै थरी गोरखाली सैन्य मिलेर हटाइदिँदा तुङथ्वाङले धुन्चेमा आफ्नो सैन्य राखे।

धुन्चेमा शत्रुको अधिकार जमेपछि बहादुर शाहले धुरीनका साथ आएका ढेवालाई र छेकिराखेका चिनियाँलाई सन्धिका कुरा गर्न भनी तुङथ्वाङछेउ पठाए। दुइ चार दिन त्यस साँघुरा ठाउँमा १० हजार चिनियाँ सैनिक रहँदा

२०. श्रावणका मध्यमा।

कष्टको अनुभव भयो र सुलह गर्नामा राजी भई तुङथ्वाङले लडाइँ बन्द गरेको सूचना दिए । यो ठाउँ साँघुरो हुनाले धैबुंगमा बस्न देऊ, उहीँ सन्धिका शर्त तय गरौँला भन्ने सन्देश पठाए । बहादुर शाहले विश्वास मानेर कमारेगढमा रहेका श्रीकृष्ण शाह आदि भारादार र सैनिकलाई नुवाकोटमा झिकाई चिनियाँ सैन्यलाई धैबुंग छोडिदिए ।

९। धैबुंगको फराक जग्गा पाएपछि जङ्गलका बानर र अरू जनावर मारी वरिपरिका बस्तीका घरपाला जनावर र अनाज लुटी चिनियाँहरूले रसदको कमी पूरा गर्न लागे । सुलह गर्नाका निमित्त केरुंगको सन्धिपत्र दिई भारादारका साथ स्याम्हर्पा लामा, युतो र बाँकी रहेका एक जना चिनियाँलाई समेत पठाउनू भनी बहादुर शाहलाई तुङथ्वाङले सन्देश पठाए । यिनीहरूलाई लिएर काठमाडौँबाट रणजित् पाँडे, भोटु पाँडे र नरसिंह शाही धैबुंगतिर लागे । स्याम्हर्पा लामा दिकदार भई बाटामा जहर खाएर मरे । अगस्तका आरम्भमा[२१] धुरीन आदिलाई लिएर रणजित् पाँडेको टोली धैबुंगमा पुग्यो । तुङथ्वाङले पहिले धुरीनसँग भेट गरे र आफ्ना साथमा राखे । १२ घण्टापछि रणजित् पाँडे आदिसँग केरुंगको सन्धिपत्र लिई यिनीहरूलाई कैद गरे । सन्धिको लोभ देखाएर बहादुर शाहलाई झुक्याई धैबुंगमा अधिकार जमाएका थिए । अब फेरि झुक्याउने अठोट गरी यो ठाउँ पनि साँघुरो छ, गेर्खु छोडिदेऊ, उहीँ रणबहादुर शाह र बहादुर शाहसँग अथवा अरू भारादारसँग भेट गरी सन्धि गरौँला, गेर्खु नछोडे बलैसँग लिन्छौँ भन्ने सन्देश पठाए ।

तर बहादुर शाहले र अरू नेपाली भारादारहरूले तुङथ्वाङको चाल बुझी एक लडाइँ नजित्ती सन्धि नहुने ठहराएर पत्रको जवाफ नदिई अडिए । यस समयसम्ममा सुखिमका लडाइँमा गएका सैनिक लिएर देवदत्त थापा काठमाडौँमा आइपुगेका थिए । गढवालमा रहेका भारादार र सैनिक आइनपुग्दा उनका बदलामा बहादुर शाहले अरू भारादार र सैनिकहरू भर्ना गरे । बलभद्र शाहका जिम्मामा रणबहादुर शाहलाई काठमाडौँमा छोडी युद्धको सञ्चालन गर्न आफू नुवाकोटगढीमा गएर बसे । त्यहाँ पुगनपुग ९ हजार गोरखाली सैनिक जम्मा भए । यस ठाउँबाट धैबुंग स्पष्ट देखिन्थ्यो । बहादुर शाहले नुवाकोट र वेत्रावतीका बीचमा तीन ठाउँमा सैनिक बाँडेर राखे । पहिला सैन्य दामोदर पाँडे र प्रबल रानाका साथ चोकदेमा बस्यो । दोस्रो सैन्य श्रीकृष्ण शाह र बम शाहका साथ लच्यांगमा रह्यो । तेस्रो सैन्य लिएर कीर्तिमानसिंह बस्न्यात र देवदत्त थापा गेर्खुमा बसे । शत्रुका सैनिकले वेत्रावती तर्नासाथ आक्रमण गरिदिनू भनी बहादुर शाहले यिनीहरूलाई आज्ञा दिए ।

१०। गेर्खु छोड भन्ने पत्रको जवाफ नआउँदा तुङथ्वाङले ताकिता गरी अर्को पत्र पठाए । बहादुर शाहले लेखेको जवाफ नजाँदै एक दिन बिहान चिनियाँ सैनिकहरू वेत्रावतीको साँघु तरी तीन मुख भएर बढे । एक मुख चोकदेतिर आउँदा दामोदर पाँडेले हटाइदिए । दोस्रो मुख गेर्खुतिर लाग्दा कीर्तिमानसिंह बस्न्यातले रोके । तेस्रो मुख बुधेथुमका ठानामा पुग्दा लच्याङबाट श्रीकृष्ण शाहका साथमा रहेका सैनिक आएर भगाए । तीनै मुखका चिनियाँ सैनिक रोकिँदा वेत्रावतीका साँघुबाट आउन लागेका चिनियाँ सैनिकको ताँती पनि रोकियो । साँघु नाघेर आएका शत्रुसैनिकहरूलाई तीन थरी गोरखाली सैनिकले घेरेर मार्न लागे । लडाइँको क्षेत्र १०।१२ वर्गमाइल[२२] थियो । तर कहीँ भीर कहीँ जङ्गल कहीँ ढिस्का र कहीँ मैदान यस क्षेत्रभित्र पर्दथे । यस क्षेत्रका प्रत्येक गजको हालत गोरखाली सैनिक जान्दथे । शत्रु सैनिकलाई भीर र जङ्गलका बाटाको अत्तोपत्तो थिएन । यस कारणले गोरखाली

---

२१· श्रावणका मध्यमा । २२. २ वर्गकोस ।

सैनिकका दपेटामा परी जथाभावी भाग्न लागे। दुइ जना शत्रुका अफिसर भागेर बेत्रावतीको साँघु पार हुँदा त्यहाँ रहेका चिनियाँ सेनापतिले तिनीहरूका नाक काटिदिएका हुनाले ती बबुराहरू त्यसै नदीमा हामफालेर मरे। यस कारणले अरू भागेका सैनिक पनि बेत्रावतीमा हेलिए। ज्यादा मारकाट बेत्रावतीका किनारामा भयो। यस लडाइँमा गोरखालीपट्टि पुगनपुग २० जना जति सैनिक मात्र खेत रहे। शत्रुपट्टि मारिने, भीरमा पर्ने र बेत्रावतीमा हेलिने-समेत गरी १०।१२ सय जवान परे (२० अगस्त)।[२३] तीजका दिनभर यो लडाइँ भएको थियो। साँझ परेपछि लडाइँका क्षेत्रबाट शत्रु–सैनिक शून्य भए। जितबाजीका खुशीमा गोरखाली भारदार सैनिकले रातभर हर्षबढाइँ गरिरहे। युरोपका बासिन्दाहरूका निमित्त थर्मापलिको विजय जतिको महत्त्वपूर्ण घटना छ,* नेपालीहरूका निमित्त

* ई. सं. पू. ४८० मा[२४] इरानका बडा बादशाह क्षयार्शले भारी सैन्य लिएर यूनानमा आक्रमण गर्दा मुठीभर यूनानी सैनिकले थर्मापलिका लडाइँमा हराएर यूरोपका स्वतन्त्रतालाई बचाएका थिए।

बेत्रावतीको यो विजय उत्तिकै महत्त्वपूर्ण छ। यस लडाइँमा चिनियाँको जित भएको भए नेपाली राष्ट्रको रङ्गरूप अर्कै बन्दथ्यो।

११। यस हारदेखि तुङथ्वाङको मस्ती गलेर सुलह गर्नाका निमित्त सन्धिका शर्त बताई रणजित् पाँडेलाई छोडिदिए। सात वर्षसम्मका निरन्तरका लडाइँले गोरखाली सैनिक थाकेका हुँदा सन्धि गर्नामा बहादुर शाह पनि राजी भए। यस समयमा रणबहादुर शाहले जवानीमा प्रवेश गरिसकेका थिए। बलभद्र शाह पनि यिनका साथ काठमाडौँमा रहेका हुनाले यिनीहरूसँग सल्लाह गर्नालाई बहादुर शाह पनि काठमाडौँमा आए। तुङ-थ्वाङका शर्त हलुका गर्नाका निमित्त रणजित पाँडेलाई दुइ तीन पटक धैबुंगमा ओहोरदोहोर गराए। सितम्बरका आरम्भमा[२५] सन्धिपत्रमा सहिछाप भयो। यसअनुसार ई. सं. १७८८ मा[२६] भएको केरुंगको सन्धिपत्र बदर भयो। नेपाल र भोट मिलेर रहने र दुवैले चीनसम्राट्को आधिपत्य स्वीकार गर्ने भए। चीन-सँग भोट जोरिएको र ल्हासामा चिनियाँ अम्बा रहने गरेका हुनाले भोटका निमित्त त्यस आधिपत्यको केही मोल थियो। चीनदेखि नेपाल पर रहेको र यहाँ अम्बाहरू नरहने हुनाले त्यो आधिपत्य नाम मात्रको थियो। पाँच पाँच वर्षमा नेपालका महाराजबाट आदर प्रकट गर्नाका निमित्त चीनसम्राट्का नाममा खलितापत्र लिएर एक काजी जाने नियम भयो। यिनलाई र यिनका टोलीमा जाने अरू ५० जनालाई भत्ता, भरिया र घोडासमेत भोट र चीनबाट दिने नियम भयो। केरुंग र कुतीमा भोटियाको आबादी हुनाले यी दुइ प्रदेश भोटमा मिलाइए। तर सुखिमको रियासत नेपालका अधीनमा आयो। डिगर्चाबाट ल्याएका मालमा छ्याङ लुङले चढाएका केही माल फिर्ता लगिदिने निश्चय भयो। कलहका मूल मिसाहा टकको दर घटाउने भएको हुनाले व्यापारको सिलसिला चल्न लाग्यो।

यो सन्धिपत्र छ्याङ लुङसाल ५७ को सन्धिपत्र भन्ने नामले प्रसिद्ध भयो। यो सन्धिपत्र भएपछि बहादुर शाहले हर्ष प्रकट गरी धैबुंगमा आफ्ना भारादार पठाएर चिनियाँ सैन्यलाई बडो भोज दिए, केही दिनपछि पाँच पाँच वर्षमा जाने पहिला खलितापत्र दिएर देवदत्त थापालाई रमाना गराए। धैबुंगमा ७२ दिन बसी ६ अक्तूबरका दिन[२७]

---

२३. भाद्र ७ गते। २४. वि. पू. ५३७। २५. वि. सं. १८४९ को भाद्रका तेस्रा हप्तामा।
२६. वि. सं. १८४५ मा। २७. वि. सं. १८४९ आश्विन २३ गते।

तुङ थ्वाङ पनि अम्बा र सैनिकहरूलाई समेत लिई आफ्ना देशतिर लागे । यो बेला टरेपछि नुवाकोटमा रहेका गोरखाली भारादारलाई काठमाडौंमा बोलाई अरू सैनिकलाई आफ्ना आफ्ना छाउनीमा पठाए ।

१२। गोरखाली भारादारले डिगर्चा लुटी ल्याएपछि ल्हासाका पोताला लामाले नेपालसरकारका विरुद्ध लडाइँ गर्नालाई भारतवर्षका अङ्ग्रेज गवर्नर जनरल लार्ड कार्नवालिससँग फेरि पनि गुहार मागेका थिए । केरुङमा चिनियाँ सैन्य उत्रेपछि कार्नवालिससँग बहादुर शाहले पनि सहायता मागे । तर अङ्ग्रेज सैन्य सहायताका निमित्त नेपालमा आओस् भन्ने यिनको मुराद थिएन; सुखिम वा धर्माको बाटो गरी भोटमा आक्रमण होओस् भन्ने यिनको प्रार्थना थियो। यस समयमा मरहट्टासँग मिली मैसूरका टीपु सुल्तानको शक्ति तोड्ने धुनमा कार्नवालिस लागेका थिए । अर्कातिर इङ्गल्यांडका ब्रिटिशसरकारले चीनसरकारसँग मित्रताको सन्धिपत्र गर्नाका निमित्त पठाइराखेका अङ्ग्रेज राजदूत लार्ड मेकार्टनी चीनका राजधानीमा रहेका थिए । यस अवस्थामा कार्नवालिसले सैनिक सहायता गर्न उचित नदेखी मेलमिलाप गराउनालाई मेजर क्रिकप्याट्रिकलाई पठाउँछु भनी सूचना पठाए । बर्सादमा तराईका औलाको भय हुनाले हिउँद लागेपछि मात्र क्रिकप्याट्रिक आउने भएका थिए । हिउँद नलाग्दै चीनसँग मेल भइसकेको हुनाले तिनलाई नेपाल झिकाउने जरूरत थिएन । तर तिनी कलकत्ताबाट रमाना भइसकेको खबर आउँदा काठमाडौंमा खलबली चल्यो । अङ्ग्रेज आएपछि नेपालको रहस्य थाहा पाई पछिबाट आक्रमण गर्ने भय देखेर भारादारका एक दल यिनलाई नेपालमा पस्न नदिई पटनाबाट फर्काइदिने पक्षमा खडा भयो । तर बहादुर शाहले त्यसै रोक्ने आँट गर्न नसकी तिनको गतिविधि विचार गर्नालाई गया तीर्थ जाने बहाना गरी बम शाह र शेरबहादुर शाहलाई पटनामा पठाए, क्रिकप्याट्रिकका टोलीमा दुइ तीन जना अङ्ग्रेज र पाँच सात जना भारतीय नोकर मात्र देखेर यस टोलीलाई नेपालमा आउन दिए ।

बहादुर शाह पनि अङ्ग्रेजहरूका चाल देखी चङ्ग भएका हुनाले क्रिकप्याट्रिकलाई राजधानी देखाउन उचित नदेखी रणबहादुर शाहलाई लिएर नुवाकोटमा गए । उहीं तिनलाई ल्याई ई. सं. १७९३ का मार्चका आरम्भमा[२८] भेट गरे । क्रिकप्याट्रिकको मुख्य उद्देश्य नेपालीको भेद लिनु नै थियो । यस कारणले १३ दिन नुवाकोटमा बसेर काठमाडौं हेर्ने इच्छा प्रकट गरे । शहर बाहिर गएर रहने प्रबन्ध गरिदिँदा ६ दिनसम्म बसेर फिरे । बहादुर शाहले यिनका टोलीलाई बारागढीको बाटो गरी जङ्गल पहाडबाट घुमाई नुवाकोट पुर्याएका थिए । काठमाडौंबाट फर्काउँदा अर्कै बाटो गरी पर्सागढीमा पुर्याएर अप्रिलका आरम्भमा[२९] बेतियापट्टि सिमानामा पुर्याइदिएका थिए । सवारी डोलीको र भरिया डोके थिए । तैपनि आफ्ना साथमा भिरेका सानासाना यन्त्रद्वारा बाटाघाटाको नाप र गर्मी सर्दीको परिमाणसमेत लगे । काठमाडौंनेर एक साता रहँदैमा नेपालका चालचलन, भाषा, इतिहास र भूगोलको खोजखोज गरी नेपालीका राष्ट्रिय बलको पनि अन्दाज लगाएका थिए ।

१३। बहादुर शाह पनि पृथ्वीनारायण शाह जत्तिकै योग्य पुरुष थिए । पृथ्वीनारायण शाहले नेपाल राज्यको स्थापना गर्ने काम जो अधकल्चै छोडेका थिए, त्यसलाई यिनले केवल ७ वर्षका बीचमा पूरा गरिदिए (ई. सं. १७८६–१७९२) ।[३०] लेखपढको शिक्षा लिने समयमा यिनले निकालिनुपरेको हुनाले ज्यादा लेखापढी गर्न सक्तैनथे, दश–आठ पङ्क्तिका चिठीपत्र नागरी लिपिमा बल्लतल्ल लेख्दथे, धेरै काल प्रवासमा रहनुपरेको हुनाले सत्सङ्गत

२८. फागुनका तेस्रा हप्तामा । २९. चैत्रका तेस्रा हप्तामा । ३०. वि. सं. १८४२–१८४९ ।

पाई अनुभवी भएका थिए, राजनीतिका विषयमा र दार्शनिक विषयमा युक्तिपूर्वक बहस गर्दथे, बडप्पन वा धनका लोभी थिएनन्, आफ्ना शासनकालमा निकालिएका सरकारी आज्ञापत्रहरू रणबहादुर शाहका नामबाट लेखाई भवानीवाला लालमोहर लगाइदिन्थे, केवल पीठमा आफ्नो नाम लेखिदिन्थे। रणबहादुर शाहका साथ राजभवनमा बसी उहीँ खानपीन र रहनसहन गर्दथे, छुट्टा घरद्वार गरेका थिएनन्, पछिल्ला पटक मुग्लानबाट फर्केर आएपछि राजेन्द्रलक्ष्मीले यिनलाई वृत्तिका निमित्त जो बिर्ता दिएकी थिइन्, त्यो पनि सदावर्तका निमित्त दान गरिदिएका थिए।

हिमालय पार गएर लडाइँ गरी साध्य छैन भन्ने पृथ्वीनारायण शाहको अन्तिम उपदेश थियो। स्याम्हर्पा लामाका बहकावटमा लागेर त्यस उपदेशलाई नाघी भोटमा दोस्रो पटक आक्रमण गरी डिगर्चामा लुटाउनु बहादुर शाहको बडो भूल थियो। यसै भूलबाट हिमालयका काखका कुती र केरुंगप्रदेश छोड्नुपरेको थियो। वेत्रावतीका लडाइँपछि सन्धि गरेर बहादुर शाह अडिएका भए हिउँद लागेपछि तुङथ्वाङलाई अडिन महाकठिन थियो। तर यसो गर्दा कलह नमेटिने हुनाले मेलमिलाप गरेर व्यापार फैलाउनाका निमित्त सन्धि गरेका थिए। भोटियाका आबादी भएका कुती र केरुंग छोड्दा हुने हानिभन्दा व्यापार खुलेपछि हुने लाभ ज्यादा देखेका थिए। तर बलभद्र शाहले यस दोस्रो आक्रमणका विरुद्ध आफ्नो राय प्रकट गरेका थिए। धैबुंगमा चिनियाँ सैन्य उत्रेपछि रणबहादुर शाहसँग छुट्टिएर काठमाडौँबाट नुवाकोटमा बहादुर शाह जाँदा बलभद्र शाहले रणबहादुर शाहको कान भर्ने मौका पाए। ललितपुरका अधिका प्रधान वीरनरसिंहका छोरा त्रिभुवनसिंह पनि भत्ता खाई काठमाडौँमा नै रहेका थिए। यिनले पनि बहादुर शाहका विरुद्ध रणबहादुर शाहलाई भड्काउनामा कत्ति कसर राखेनन्। नुवाकोटबाट फर्कँदा बहादुर शाहले रणबहादुर शाह र बलभद्र शाह आदि भैयादलाई आफ्ना अधीनताबाट छुटेका देखेर चित खाए। तर क्रिकप्याट्रिक आउने भएका हुनाले कसैले केही बोल्न सकेका थिएनन्, यी अङ्ग्रेज फर्केर जानेबित्तिकै रणबहादुर शाहले शासनको बागडोर आफ्ना हातमा लिए।

पच्चीसौँ परिच्छेद

# रणबहादुर शाहको शासन र तिनको निर्वासन, गीर्वाणयुद्धविक्रम शाहको अभिषेक र गृहकलह

## (ई. सं. १७९३–१८०४)[1]

१। ई. सं. १७९३ का अप्रिलका आरम्भदेखि[2] रणबहादुर शाहले शासनको बागडोर आफ्ना हातमा लिए। तर सात वर्षअघिदेखि चलिआएको युद्धको काम सकिएको र राजकोश रित्तिएको हुनाले भारादार, सेनापति र सैनिकको

१. वि. सं. १८४९–१८६०।

२. वि. सं. १८४९ को चैत्रका तेस्रा हप्ता।

संङ्ख्या घटाउनुपरेको थियो । नवयुवक रणबहादुर शाहलाई प्रसन्न गराएर आफ्नो शक्ति कायम राख्नामा सबै भारादार तत्पर भएर आपसमा रीसराग गर्न थाले । यिनीहरूलाई तह लाउनाका निमित्त रणबहादुर शाहले बहादुर शाहको सहायता लिन कर लाग्दा काका भतिजा मिली एक वर्ष राज्यको काम चलाए । भारतवर्षका अङ्ग्रेज गवर्नर जनरलका कौन्सिलका ढाँचाको एक मन्त्रिमण्डल पहिले तयार गरे । यसमा चौतारा र काजीघरानाका एक एक मुख्य पुरुषलाई छानेर राख्ने अठोट थियो । बलभद्र शाह, बम शाह, अभिमानसिंह बस्न्यात, रणजित् पाँडे र दामोदर पाँडेलाई दुवै जनाका सहमतले राखे । त्रिभुवनसिंह पनि रणबहादुर शाहका जोडले काजी भएर मन्त्रिमण्डलमा घुसे । बलभद्र शाह र बम शाहले चौतरिया पदवी पाए । काजीहरू दीवान कहिन लागे । संस्कृतभाषामा चौतरियाहरू मन्त्रिनायक र काजीहरू सचिव लेखिन्थे । राज्यको सारा काम यी मन्त्रीहरूमा बाँडिए ।

पृथ्वीनारायण शाहका समयका सुबेदार बलभद्र थापाका छोरा अमरसिंह थापा यस समयमा एक कम्पनीका जमादार थिए । यिनका जेठा छोरा भीमसेन थापा रणबहादुर शाहकै उमेरका थिए, रणबहादुर शाहका सेवामा बालककालदेखि रहेर उनलाई अत्यन्त रिझाएका थिए । यस कारणले यी भीमसेन थापालाई रणबहादुर शाहले आफ्ना अङ्गरक्षक सुबेदार बनाई यिनका पिता अमरसिंह थापालाई एक कम्पनीका सरदार गराए । बाग भीमसेन थापाका छोरा अमरसिंह थापा पुराना सरदार हुनाले यी दुइ सरदारलाई छुट्याउनाका निमित्त पुराना सरदार अमरसिंह थापा बोलचालमा बडा अमरसिंह थापा कहिन लागे ।

२१ चीन र नेपालको युद्ध हुँदा भोटलाई निकै लाभ भएको थियो । धार्मिक एकताका प्रभावले गोसाइँकुण्डका आस-पासमा रहेका स्यार्पाहरू भोटियासँग सहानुभूति राख्दथे । यस कारणले यस लाभलाई आफ्नो पनि लाभ सम्झेका थिए । यस उमङ्गमा केही मूर्ख स्यार्पाहरू मिली नेपालराज्यका शासनबाट अलग हुनाका निमित्त विद्रोहको झण्डा खडा गरे । यस जमातलाई दमन गर्नाका निमित्त रणबहादुर शाहले नयाँ सरदार अमरसिंह थापा र शत्रुसाधन शाहीलाई खटाए । यिनीहरूले दुइ कम्पनी सैनिक लगी ती स्यार्पाहरूको संहार गरिदिए ।

यस हत्याकाण्डमा काटिने मारिनेका युवती छोरीबुहारीहरू पक्रिएर आएका थिए । यिनलाई दासी गराएर रणबहादुर शाहले केही आफ्ना महलमा राखे, केही भारादार र अफिसरहरूलाई बाँडिदिए । दासदासीको चलन अघि पनि थियो । भयङ्कर अपराध गर्ने जनानाहरू दासी गराइन्थे । यिनका सन्तानदरसन्तानले पनि दासदासी बन्नु पर्दथ्यो । तर रणबहादुर शाहको समय शुरू भएपछि लडाइँमा पक्रिएका युवती मात्र होइनन्, बालक–बालिका पनि पक्रिई अथवा आमा बाबुसँग खरीद गरी दासदासी बनाइन थाले ।

३। बहादुर शाहसँग मिलेर एक वर्ष काम गर्दा रणबहादुर शाहले मन्त्रिमण्डललाई आफ्ना तहमा ल्याए । बहादुर शाहको सल्लाह नमानी ई. सं. १७९४ का ६ जूनका दिन[३] राजसिंहासनमा बसेको भारी जलसा मनाए । भारादार, अरू जागीरदार र बिर्तावारहरूसँग फत्यमुबारक उठाई लाखौं रुपियाँ जम्मा गरे, बालककालमा नै राजसिंहासनमा राखिएका थिए, राज्याभिषेक पनि भइसकेको थियो, केवल धन जम्मा गर्नाका निमित्त यो उत्सव गरेका थिए । पाल्पाली राजा महादत्त सेनले आफ्ना अधीनमा आएका गुल्मी, अर्घा र खाँचीका राजाहरूलाई निकाली तीनै रियासत

---

३. वि. सं. १८५१ ज्येष्ठ २७ गते ।

राज्यमा मिलाएका थिए। गुल्मीबाट निकालिएका राजपरिवारकी मैयाँ विद्यालक्ष्मीसँग रणबहादुर शाहका विवाह भएको थियो। यिनले ती विवाहिता रानीलाई महारानी भन्ने पदवी र राजराजेश्वरी भन्ने नयाँ नाम दिए। महादत्त सेनबाट गुल्मीको रियासत फिर्ता लिई विद्यालक्ष्मीका दाज्यू सिद्धिप्रताप शाहलाई त्यहाँका राजा बनाए। आफ्ना भाइ (स्याइतापट्टिका) विदुर शाह र शेरबहादुर शाहलाई चौतरियाको पदवी दिई मन्त्रिमण्डलमा राखे, टकसारी खजान्ची र कपरदारलाई पनि मन्त्रिमण्डलमा राखी दीवानहरूको सङ्ख्या बढाए, तर आफ्ना हजुरिया मन्त्री त्रिभुवनसिंहलाई बनाई चौतरिया र अरू दीवानहरूको अधिकार कम गराइदिए।

विदुर शाह र शेरबहादुर शाहलाई मन्त्रिमण्डलमा राख्नामा र महादत्त सेनबाट गुल्मीको रियासत खोस्नामा बहादुर शाहले विरोध गरेका थिए। यो विरोध सफल नहुँदा तिनले राज्यका कामबाट अलग भई राजभवनसमेत छोडिदिए।

४। गढवाल रियासतदेखि दक्षिणपट्टि रहेको देहरादूनको गूजरहरूको आबादी भएको तराई ई. सं. १७०० देखि[४] त्यस रियासतमा मिलेको थियो। त्यहाँ सिखहरूको एक गुरुद्वारा अघि नै बनेको थियो। ई. सं. १७५५ मा[५] सहारनपुरका मुगल हाकिमले त्यहाँ अधिकार जमाइराखेका थिए। ई. सं. १७७० देखि[६] त्यस तराईमा कहिले सिखहरूले र कहिले गूजरहरूले मालपोत उठाइरहेका थिए। यस अवस्थामा त्यहाँ अधिकार जमाउनाका निमित्त गढवाल र सिरमोरका राजाहरूको हानथाप परिरहेको थियो। नेपालसरकारसँग सुलह भएपछि गढवालमा शान्तिस्थापना हुँदा त्यहाँका राजा प्रद्युम्न शाहले उछिनी देहरादूनमा आक्रमण गरेर आफ्नो अधिकार जमाए (ई. सं. १७९५)।[७]

यता कुमाउपट्टि पाहाड र भावर (भित्री तराई)मा जगजित् पाँडे छँदै अधिकार भइसकेको थियो। त्यहाँका बाहिरी तराईमा रुद्रचन्दले रुद्रपुर बसाई यसपट्टिको सदर मुकाम बनाएका थिए। मोहनचन्द र हर्षदेव जोशीको कलह चलेका समयमा त्यहाँ रहेका हाकिमले अवधका नवाब आसफुद्दौलासँग सोझै सम्बन्ध जोडी कुमाउका राजाको अधिकार टुटाएर आफू जमीनदार बनेका थिए। जगजित् पाँडे फिरेपछि दुइ तीन वर्षसम्म कुमाउका हाकिमहरूले त्यसतिर दृष्टि नदिँदा मोहनचन्दले रुद्रपुरनेरै कीलपुरी भन्ने ठाउँमा अड्डा जमाएर अलमोडामा आक्रमण गर्न तयारी गरे। यो साल कुमाउमा हाकिम भएर बडा सुबा अमरसिंह थापा र सेनापति भक्ति थापा गए। यिनीहरूले कीलपुरीमा आक्रमण गरी महेन्द्रचन्द्रलाई भगाएर तराईभरमा अधिकार जमाए। यस समयका अङ्ग्रेज गवरनर जनरल सर जान शोर (ई. सं. १७९३–१७९८)[८] ले अरू राजाका झगडामा नपस्ने नीति लिएका थिए तापनि लखनौमा रहेका रेजिडेन्ट मिस्टर चेरीको सम्मति लिई आसफुद्दौलाले बरेलीका हाकिमलाई खटाएर रुद्रपुरबाट गोरखाली रक्षकहरूलाई हटाई सिवालक पहाडका चिलकियाभंज्यांगमा पहरा राखिदिए। यस तरहले रुद्रपुरका निमित्त नेपाल र अवधका राज्यका बीचमा युद्ध पर्न आँटिसकेको थियो। तर रणबहादुर शाहले युद्ध गर्न उचित नदेखेर रुद्रपुर छोडिदिने बेहोराको खलितापत्र लेखी चेरीछेउ पठाए। उनले यति नै खोजेका थिए, यस कारणले नेपाल र अवधका बीचमा तुरुन्तै मेलमिलाप गराइदिए (ई. सं. १७९५)।[९]

५। बहादुर शाहले राज्यको काम छोडेपछि देवपाटनमा आफूले बनाएका सदावर्तघरमा बसी साधुसन्तका सङ्गतमा

४. वि. सं. १७५७ देखि।
५. वि. सं. १८१२ मा।
६. वि. सं. १८२७ देखि।
७. वि. सं. १८५२।
८. वि. सं. १८५०–१८५४।
९. वि. सं. १८५२।

समय बिताइरहेका थिए । यिनको साथ छुटेपछि रणबहादुर शाह व्यसनी र फजुलखर्चो भई राजकोशको धन रित्याउन थाले । बहादुर शाहले धेरै धन लुकाएका छन् भन्ने यिनले शङ्का गरेर ई. सं. १७९७ का ११ फरवरीमा[१०] रातका समयमा एक कम्पनी सैनिक पठाई तिनलाई पक्रेर ल्याई म बालक छँदा तिमीले कामकाज गरेको हरहिसाब बुझाऊ भनी कैदमा राखे । हरहिसाब बुझ्ने बहाना देखाई तिनीसँग रहेको धन निचोरेर लिने रणबहादुर शाहको उमेद थियो । उनले अरु अनेक व्यक्तिउपर पनि अत्याचार गरेका हुनाले यिनलाई पक्रेर नास मात्रका राजा गराई शासनको बागडोर आफ्ना हातमा लिने अठोट बहादुर शाहले गरे, यस षड्यन्त्रमा पाल्पाली राजा महादत्त सेनलाई पनि मिलाए, तर काठमाडौँमा रहेका भारादारहरूले यिनको पक्ष नलिंदा सफल हुन सकेनन् । यो भेद रणबहादुर शाहले थाहा पाई बहादुर शाह र महादत्त सेनलाई समेत चोट पर्ने गरी राजेन्द्रलक्ष्मीलाई विष खुवाएको अपराध लगाएर बहादुर शाहकी रानीको हुर्मत लिए । बहादुर शाहलाई कैदको र देशनिकालाको कष्ट सहने बानी परिसकेको थियो । तर रानीको हुर्मत लिएको सहन नसकी डोरीको पासो लगाएर २४ जूनमा[११] काठमाडौँका थुनुवाघरमा आत्महत्या गरेर यस संसारी टण्टाबाट पार भए । यस समयमा केवल ४० वर्षका थिए ।

बहादुर शाह परलोक भएको खबर सुनेर यसै शोकमा डेढ दुइ महीनापछि महादत्त सेनले पनि यस संसारलाई छोडिदिए । यिनका जेठा छोरा पृथ्वीपाल सेनले पाल्पाको राजमुकुट पहिरे । यसै साल अवधका नवाब आसफुद्दौलाले पनि बहिश्तको बाटो लताए । यिनका छोरा वजीर अलीले नवाबी पगरी पहिरेका थिए । तर यिनका उपर उजूर पर्दा सर जान शोर लखनौमा गई सआदत अलीलाई नवाब गराई वजीर अलीलाई बनारसमा लगेर नजरबन्दमा राखे । अर्का साल (ई. सं. १७९८) का जूनमा[१२] सर जान शोरका बदलामा गवर्नर जनरल भएर लार्ड वेलेज्ली आए । केही महीनापछि बनारसमा रहेका वजीर अलीले आफ्ना बलले अवधमा अधिकार गर्ने आँट गरेर निगरानी गर्न रहेका अङ्ग्रेज अफिसर चेरी साहेबलाई मारी गोरखपुरतिर लागे । बुटवलमा बसेर सैनिक भर्ना गरी लखनौमा आक्रमण गर्ने यिनको उमेद थियो । तर यो खूनी मानिस नेपालभित्र पसेर उत्पात गर्न नपाओस् भनी वेलेज्लीले र सआदत अलीले समेत नेपालसरकारसँग अनुरोध गरे । यस कारण रणबहादुर शाहले वजीर अलीलाई आफ्ना राज्यमा पस्न नदिई लर्काइदिए । यस गुनका बदलामा सआदत अलीले रुद्रपुरको तराई छोडिदिने वचन दिएका थिए । तर काम सकिएपछि अङ्ग्रेज अफिसरहरू किन मञ्जूर गर्दथे ।

६। रणबहादुर शाहकी जेठी महारानी विद्यालक्ष्मी वा राजराजेश्वरीपट्टि एउटी छोरी मात्र पैदा भएकी थिइन् । माहिली रानी सुवर्णप्रभापट्टि रणोद्योत शाह र शमशेर शाहनामक दुइ छोरा जन्मेका थिए । कान्छी रानी कान्तवतीपट्टि ई. सं. १७९७ का अक्तूबरमा[१३] गीर्वाणयुद्धविक्रम शाह पैदा भए । यिनलाई रणबहादुर शाहले आफ्नो उत्तराधिकारी मानेर जन्मनेबित्तिकै युवराज भन्ने पदवी दिए । एक वर्षपछि कान्तवतीलाई क्षयरोगले पक्रँदा आफू जीवित छँदा बालक छोराले राजमुकुट पहिरन पाओस् भन्ने इच्छा प्रकट गरिन् । रणबहादुर शाहले सारा भारादारको मञ्जूरनामा (धर्मपत्र) गराई ई. सं. १७९९ का ८ मार्चका दिन[१४] १७ महीनाका बालक गीर्वाणलाई राजमुकुट पहिराइदिए । यस उत्सवमा पाल्पाली राजा पृथ्वीपाल सेन काठमाडौँमा आई बालक महाराजलाई तिलक लगाइदिएका हुनाले रणबहादुर शाह प्रसन्न भए ।

---

१०. वि. सं. १८५३ फागुन २ गते । ११. वि. सं. १८५४ आषाढ १४ गते । १२. १८५५ ज्येष्ठमा ।
१३. वि. सं. १८५४ आश्विनमा । १४. वि. सं. १८५५ फागुन २८ गते ।

रणबहादुर शाहले विद्यालक्ष्मीलाई बडामहारानी भन्ने दर्जा दिएर बालक महाराजका रक्षाको भार सौंपी राजभवनमा राखे । सुवर्णप्रभालाई महारानी भन्ने दर्जा दिई विद्यालक्ष्मीकी सहायिका बनाए, यिनका दुइ छोरा रणोद्योत शाह र शमशेर शाहलाई चौतरिया बनाई अरू चौतरियाभन्दा माथिल्ला दर्जामा राखे । काजी अभिमानसिंह बस्न्यातका बदलामा तिनका भतिजा कीर्तिमानसिंह बस्न्यातलाई भर्ना गरे । श्रीकृष्ण शाह र ज्यान शाहलाई पनि चौतरिया गराई अरू भारादार अफिसरहरूको थमौती गराइदिए । आफू निर्गुणानन्द स्वामी र कान्तवतीलाई स्वामिनी कहलाई राजभवन छोडेर देवपाटनमा गई बसे, मन्त्रिमण्डलबाट राज्यको काम चलाउनाका निमित्त एक विधान बनाइदिएका थिए, त्यसमा राज्यविरोधीहरूलाई मार्ने, मुड्ने, सर्वस्व लिने इत्यादि भयङ्कर दण्ड सजाय तोकिदिएका थिए । रणबहादुर शाहलाई सधैं रुपियाँको खाँचो हुनाले जिल्लाका हाकिमहरूले मालपोत बढाइरहेका थिए । यस कारणले तराईका रैती भागी जग्गा बाँझो रहदा फेरि बस्ती बसाउन भनी विद्यालक्ष्मीले अभिमानसिंह बस्न्यातलाई पठाइन् । तर अभाग्यवश यी अनुभवी काजीको चाँडै नै देहान्त भयो ।

७। रणबहादुर शाहले बाबाजीको भेष लिएर निस्केका भए तापनि शिखासूत्र खडै थिए, केटी सुसारेहरू साथमा लगेकै थिए, स्वामी कहलाए तापनि राज्यको काम छोडेका थिएनन्, महारानी र मन्त्रिमण्डलका उपर हुकूम चलाई आफ्नो इच्छाअनुसार काम गराउँथे, आफूलाई चाहिए जति धन राजकोशबाट लिन्थे, कान्तवतीलाई लागेको रोग घटाउनाका निमित्त लाखौं रुपियाँ औषधिमा र दानपुण्यमा लगाए, देवपाटनमा रोग कम नहुँदा ललितपुरका राजभवनमा लगेर राखे, त्यहाँका छानामा एउटा गिद्ध आएर बस्दा नेपालभ्याँसीका हजारौं गिद्ध मारी जलाए, नेपाल राज्यभरका गिद्धलाई निर्मूल गराउनाका निमित्त आज्ञापत्रहरू पठाए। यिनको लक्षण राम्रो नदेखेर अक्तूबरमा[१५] चौ. श्रीकृष्ण शाह भागी मुग्लानामा गए। ... नवम्बरका दिन[१६] कान्तवती परलोक हुँदा रणबहादुर शाहले अर्धपागल बनेर ब्राह्मणलाई दिएको दान खोसेर लिए, औषधि गर्ने देवपाटनका मिलम वैद्यको हात कोलमा हालेर पेलाइदिए, अरू वैद्यले भागेर ज्यान बचाए, पूजाप्रार्थना लिएर पनि कान्तवतीलाई आराम नगराउने देवताहरूलाई हुनसम्म अपमान गरी पूजाआजा बन्द गरिदिए। यिनका भारमुड्गीदेखि दुनियाँ थर्कमान भए।

कान्तवती परलोक भएपछि रणबहादुर शाहका साथमा रहेर उनलाई होशमा ल्याउने उद्योगमा विद्यालक्ष्मी लागिन्, बलभद्र शाह ज्यान शाह आदि भारादारलाई रणबहादुर शाहका साथ ललितपुरमा राखिन् । ई. सं. १८०० का जनवरीमा[१७] विद्यालक्ष्मीले सुवर्णप्रभा र बम शाह आदि अरू भारादारहरूका साथ गीर्वाणलाई नुवाकोटमा पठाइन् । रणबहादुर शाह पनि दुइ पटक नुवाकोटमा पुगेर ललितपुरमा फर्के । यिनको होश ठेगानमा नआउँदा विद्यालक्ष्मी र नुवाकोटमा रहेका भारादारहरू मिली यिनलाई नजरबन्दमा राख्ने तजबीजपत्र गरे । यो खबर पाएर रणबहादुर शाहले बलभद्र शाह आदिलाई लडाइँको तयारी गर्ने आज्ञा दिई ललितपुरमा गढी बनाउन थाले । रणबहादुर शाहको पक्ष कसैले नलिनू भनी गीर्वाणका भाखाबाट लालमोहर लागेको घोषणापत्र जारी भयो । बलभद्र शाह आदिले मईका आरम्भमा[१८] रणबहादुर शाहको साथ छोडेर नुवाकोटमा पुग्दा यिनका साथमा भीमसेन थापा आदि मामूली मानिस मात्र बचे । रणबहादुर शाहले आफ्ना हातबाट शासनको बागडोर

१५. वि. सं. १८५६ आश्विनमा ।　　१६. कार्तिकमा ।　　१७. माघमा ।
१८. वि. सं. १८५७ वैशाखका आधाआधीमा ।

उम्केको देखी २३ मईका[१९] दिन भीमसेन थापा आदि दश आठ जना मानिसका साथ रातमा ललितपुरबाट रमाना भई मूलबाटो छोडेर महाभारत पार भई बनारसको बाटो पक्रे। यी हिंडेका तेस्रा दिन सुवर्णप्रभाले गीर्वाणलाई काठमाडौँका राजभवनमा ल्याएर शासनको बागडोर आफ्ना हातमा लिइन्।

८। रणबहादुर शाह भाग्नुभन्दा पहिले नै ललितपुरका राजभवनमा विद्यालक्ष्मी आएकी थिइन्। यिनको आँखा छलेर रणबहादुर शाह भाग्दा यी पनि बलभद्र शाहलाई साथमा लिएर पछिपछि लागी बनारसमा तिनलाई भेट्टाइन्। यी जाँदा आफ्नी छोरी र दश बाह्र जना सुसारे केटीहरूलाई समेत म्यानाको सवारी गरी लगेकी हुनाले ढीला पुगिन्। यी नपुग्दै सुवर्णप्रभाले नुवाकोटको तजबीजपत्र खडा गर्ने दोष यिनका शिरमा मोढेर रणबहादुर शाहलाई पत्र पठाइसकेकी थिइन्। यस कारणले रणबहादुर शाहले विद्यालक्ष्मीका गहनागुरिया खोसेर आफ्ना डेराबाट निकालिदिए। रामनगरमा बसाइँ सरेका तनहुँका राजा हरकुमारदत्त सेनका महलमा बालककालमा विद्यालक्ष्मी रहेबढेकी थिइन्। यस कारणले बनारसबाट फर्केपछि अन्यत्र सहारा नपाउँदा त्यहीँ आई बसिन्।

९। यता नुवाकोटबाट काठमाडौँमा फर्केपछि सुवर्णप्रभाले काजी कीर्तिमानसिंह बस्न्यातलाई हजुरिया दीवान बनाई भारादारहरूको पजनी गराइन्। हुनता दामोदर पाँडेका भानिज कीर्तिमानसिंह बस्न्यात थिए, तर भारादारहरूमा दलबन्दी खडा हुँदा बस्न्यात र पाँडेहरूमा हानथाप परिसकेको थियो। बस्न्यातका दलमा बम शाह मिलेका थिए। यस कारणले कीर्तिमानसिंह बस्न्यातले पाँडेका तैनाथमा रहेका डोटीकुमाउतिरका जिल्लाहरू बम शाहका भाइहरूका तैनाथमा दिए। यस तरहसँग चार महीना चकचकी फिराएर सितम्बरका आखिरमा[२०] एक दिन रातमा राजभवनबाट निस्केका कीर्तिमानसिंह बस्न्यात गुप्ती चालले मारिए। राजभवन र कीर्तिमानसिंह बस्न्यातका घरका बीचमा हात्तीसार र अस्तबलखाना मात्र थिए। हात्तीसारका चोटामा यिनको लाश फेला परेको थियो। सुवर्णप्रभाले हत्याराको खोज गर्दा पाँडेहरूका उपर शङ्का गरेर शेरबहादुर शाहको सहायता लिई रणजित पाँडे, रणकेशर पाँडे आदि ८० जना भारादार अफिसरलाई पक्रेर नेल ठोकिन्। यस समयमा दामोदर पाँडे नुवाकोटमा थिए। यो खबर पाउनेबित्तिकै काठमाडौँमा यी आउँदा यिनका प्रभावमा दबेर सुवर्णप्रभाले पाँडेहरूलाई छोडिदिइन्, यस हत्याका अपराधमा काजी प्रतिमान राना खजाञ्ची गर्भु खत्री आदि नौ जनाको बडो दुर्दशासँग ज्यान लिएर दिल ठण्डा गराइन्, कीर्तिमानसिंह बस्न्यातका भाइ बखतवारसिंह बस्न्यातलाई मुख्य काजी गराएर मन्त्रिमण्डलमा राखिन्। तर अदालतका डिट्ठा सुबुद्धि खँडकालाई सरदारी पदवी दिएर हजुरिया दीवान बनाइन्।

यिनका शासनकालका आरम्भमा नराम्रो रक्तपात भए तापनि यस घटनापछि यिनले शान्तिपूर्वक शासन चलाउने यत्न गरिन्, रणबहादुर शाहसँग राम्रो सम्बन्ध राखेर राज्यका काममा सल्लाह लिने गर्दथिन्। बस्न्यातहरूको पक्ष लिने गरेकी हुनाले पाँडेपक्षका चौतरिया विदुर शाह मन्त्रिमण्डलबाट अलग भए। दोस्रा खलितापत्र लिएर गएका काजी नरसिंह गुरुङ चीनबाट फर्केका हुनाले यिनलाई मन्त्रिमण्डलमा राखी तेस्रो खलितापत्र दिएर सर्वजित् पाँडेलाई काजी गराई चीनमा पठाइन्। अमरसिंह थापा (बडा)लाई पनि काजी गराएर मन्त्रिमण्डलमा राखिन्। यिनका २½ वर्षका शासनकालमा राजधानीमा सुखशान्ति नै रह्यो। तर अन्यत्र शान्तिस्थापना गर्नु यिनका शक्तिदेखि बाहिरको काम थियो।

१९. ज्येष्ठ १४ गते।

२०. आश्विनका आधाआधीमा।

१०। लार्ड वेलेज्लीले स्वतन्त्र रहेका भारतवर्षका राजा नवाबहरूलाई आसत्रास देखाई परराष्ट्रको सम्बन्ध र सामरिक शक्ति खोसेर सहायक सन्धि गर्ने नीति पक्रेका थिए। यस तरहका सन्धिमा पर्ने राजा वा नवाबका राज्यलाई परचक्रीका आक्रमणबाट बचाइदिने प्रतिज्ञा कम्पनीसरकारतर्फबाट गरिन्थ्यो। यसअनुसार सन्धि गर्ने राजा नवाबहरू राज्यभित्रका शासनमा स्वतन्त्र रहे तापनि परराष्ट्रसँग सम्बन्ध गर्न नपाउने हुनाले कम्पनीसरकारका अधीनमा पर्दथे। चीनसँग नेपालको सम्बन्ध भइसकेको हुनाले चीनको शक्ति रहुन्ज्यालसम्म नेपाललाई यस तरहका सहायकसन्धिका जालमा फाँस्न असम्भव थियो। तैपनि अवधका नवाबसँग यस तरहको सन्धि गर्नालाई नेपालसरकारसँग एक समझौता गर्न आवश्यक हुँदा वेलेज्लीले त्रिकप्याट्रिकलाई दोस्रा पटक काठमाडौँमा पठाउने अठोट गरे। तर रणबहादुर शाहले तिनलाई आउन दिन स्पष्ट इन्कार गरिदिएका हुनाले नेपालसँग समझौता नभए तापनि अवधका नवाबसँग सहायक सन्धि गरी सैन्यखर्चका बदलामा अनेक जिल्ला लिए (ई. सं. १८०१)।[२१] यिनमा बुटवलका सीमानाका गोरखपुर र बस्तीका जिल्ला, दांगका सीमानाको गोण्डा जिल्ला औ कुमाउका सीमानाका पीलिभीत, बरेली र मुरादाबादका जिल्ला पनि थिए। यिनमा अङ्ग्रेज अमलाहरू आएर नेपाल राज्यलाई लोभका नजरले हेर्न थाले। बाँकेदेखि कञ्चनपुरसम्म मात्र नेपाल र अवधको सीमाना जोडिएर रह्यो।

११। कम्पनीसरकार र अवधका नवाबका बीचमा सन्धिपत्र हुँदा नहुँदा रणबहादुर शाह काठमाडौँबाट भागी बनारस पुगेको खबर सुनेर वेलेज्ली निकै खुशी भए। जुन कामका निमित्त त्रिकप्याट्रिकलाई दोस्रा पटक काठमाडौँमा पठाउन आँटेका थिए, त्यो काम सजिलैसँग हुने देखेर एक मुसलमानलाई राजदूत गराई काठमाडौँमा पठाएर सन्धिपत्र गर्ने कुरा चलाए। बनारसका अङ्ग्रेज हाकिमले रणबहादुर शाहलाई निगरानीमा राखेका हुनाले यिनलाई यसै अवस्थामा राखी शान्तिपूर्वक रहनाका निमित्त सुवर्णप्रभा, शेरबहादुर शाह, बम शाह र दामोदर पाँडेसमेत सन्धिपत्र गर्नामा राजी भई नेपालसरकारका प्रतिनिधि गराएर गजराज मिश्रज्यूलाई पटनामा पठाए। त्यहाँ रहका कम्पनीसरकारका प्रतिनिधिसमेत भएर ३० अक्तूबरका दिन[२२] एक सन्धिपत्र लेखियो। नेपाल र अवध राज्यका बीचमा कचिङ्गल उठेमा कम्पनीसरकारले गरिदिएको फैसला नेपालसरकारले मञ्जूर गर्ने एक शर्त त्यसमा रह्यो। कम्पनीसरकारले अवधका नवाबसँग गरेको सहायक सन्धिलाई पुष्ट गर्नाका निमित्त यो शर्त लेखिएको थियो। काठमाडौँमा अङ्ग्रेज राजदूत र कलकत्तामा नेपाली राजदूत रहने शर्त पनि रह्यो। कलकत्तामा नेपाली राजदूत सुबा दीनानाथ उपाध्याय अघिदेखि रहेका थिए। काठमाडौँमा अङ्ग्रेज राजदूत घुस्नु कम्पनीसरकारका लाभका निमित्त थियो। रणबहादुर शाहका विषयमा तिनका भत्ताका निमित्त नेपालसरकारले जमीन छुट्याइदिने, त्यहाँ तिनी बस्न आएमा नेपालसरकारका निगरानीमा अङ्गरक्षक सैनिकहरूका साथ रहन दिने, तर मालपोत उठाउने काम तिनले गर्न नपाउने, नेपालसरकारका अमलाले उठाएर दिने र कम्पनीसरकारका राज्यमा तिनी रहेमा तिनैका मानिस आएर उठाउन पाउने शर्त लेखियो। पहिला अङ्ग्रेज राजदूतमा कप्तान डब्ल्यू डी. नाक्स खटिए। बिराना देशमा जानुपर्ने भएको हुनाले बम शाहका छोरा दक्ष शाह र दामोदर पाँडेका छोरा गजकेशर पाँडेलाई पटनामा राखेर पठाउने परिपाठ मिलाई जमानीका रूपमा राखेर ई. सं. १८०२ का अप्रिलमा[२३] तो काठमाडौँमा आइपुगे। सन्धिपत्रमा महाराज गीर्वाणको लालमोहर लगाउनाका निमित्त साथैमा ल्याएका थिए।

भारतवर्षका स्वतन्त्र राज्यहरूमा अङ्ग्रेज राजदूत पसेपछि त्यस राज्यको उछित्तो पारेको नेपाली भारादारहरूले

---

२१. वि. सं. १८५८। २२. कार्तिक १६ गते। २३. वि. सं. १८५९ का वैशाखमा।

देखिरहेका थिए । यस कारणले अमरसिंह थापा (बडा) आदि केही भारादार यस सन्धिपत्रका विरोधमा खडा भए । तर सन्धिपत्रका एउटा दफामा कम्पनीसरकारले नेपालका भारादारहरूको रक्षा गर्ने हलुका कबोल गरेका थिए । नाक्स साहेबले यसलाई बडा आकारमा देखाएर यी विरोधी भारादारहरूलाई पनि सोझ्याउँदा २२ अक्तूबरका दिन[२४] त्यस सन्धिपत्रमा सुवर्णप्रभाले लालमोहरको छाप लगाइदिइन् ।* तर रणबहादुर शाहलाई जमीन छुट्ट्याउने विषयमा आलटाल हुँदै रह्यो । तिनलाई भत्ताका निमित्त सुवर्णप्रभाले महीनावारी रु. १००००। पठाउने गरेकी थिइन् । त्यो नाक्स साहेबका हातमा दिएर यिनले बनारसमा रणबहादुर शाहलाई दिलाइदिने प्रबन्ध भयो ।

* यो लालमोहर लागेको फारसी भाषामा लेखिएको सन्धिपत्र कलकत्ताका विक्टोरिया-टमिनसमा दर्शकहरूका मनोरञ्जनका निमित्त पडिरहेको छ ।

१२। विरक्तिमा परेर रामनगरमा बसेकी महारानी विद्यालक्ष्मीले पनि यस सन्धिका कुरालाई चाख लिएर सुनिरहेकी थिइन् । कम्पनीसरकार र नेपालसरकारले समेत रणबहादुर शाहलाई निगरानीमा राख्ने सन्धिपत्र गरेका हुनाले नेपालको शासन र गीर्वाणलाई समेत सुवर्णप्रभाका हातमा मात्र छोडिराख्न उचित नदेखेर ई. सं. १८०२ का आरम्भमा[२५] नेपालतिर लागिन् । तर सुवर्णप्रभाले यिनलाई नेपालका सीमानाभित्र पस्न नदिने आज्ञा पठाइसकेकी हुनाले रौतहटमा रोकिइन् । नाक्सको टोली काठमाडौँतिर आउँदा यी त्यहीँ थिइन् । धनका अभावले जीवनवृत्ति नचल्दा काठमाडौँमा रहेको आफ्ना दाइजो पेवाको धन सुवर्णप्रभासँग मागिपठाइन् । त्यो पनि नपाउँदा यो सालको बर्सात त्यहीँ बिताइन् । यसै समयमा तिनका साथमा रहेका बलभद्र शाहले यस संसारलाई छोडे । नेपाल राज्य बनाउनामा यिनले निकै काम गरेका थिए । राजेन्द्रलक्ष्मीसँग कलह भएर बहादुर शाह भागेपछि चार वर्षसम्म नेपाल राज्यलाई यिनैले थामेका थिए ।

हिउँद लागेपछि सीमानाका चौकीदारहरूलाई मिचेर विद्यालक्ष्मी मकवानपुरगढीमा आइपुगिन् (नवम्बर ई. सं. १८०२) ।[२६] त्यहाँका हाकिमले सुवर्णप्रभाका आज्ञाअनुसार विद्यालक्ष्मीका साथमा आएका डोले भरियातकका सर्दाना जतिलाई पक्री नेल हालेर काठमाडौँमा पठाए । विद्यालक्ष्मी र उनका साथमा रहेका दश बाह्र जना केटी सुसारेहरू पैदलै जङ्गलतिर लागेका हुनाले यिनीहरू बाघका शिकार हुने आशा देखेर सुवर्णप्रभा दङ्ग भइन् । परन्तु जङ्गलको फेरो मारेर चीसापानीको गढीमा विद्यालक्ष्मी उत्रँदा त्यहाँका हाकिमले पनि रोक्ने चेष्टा गरी बाटामा सङ्गीनसमेतका बन्दूक तेर्स्याए । तर उनलाई समात्ने साहस गर्न नसक्दा बन्दूक कुल्चेर केटी सुसारेका साथ विद्यालक्ष्मी अगाडि बढिन् । काठमाडौँबाट १२ माइल[२७] जति परकमा आइपुग्दा सुवर्णप्रभाले रोक्न पठाएका कम्पनी सैनिकले भेटी अफिसरले अगाडि जाने हुकूम छैन भनी हात जोरेर बिनती गरे । राजाकी विवाहिता रानीलाई रोक्ने कसको हुकूम भनी गर्जेर विद्यालक्ष्मीले कम्मरको खुकुरी झिकी हान्दा अफिसर घायल भई बाटो छोडिदिए । तैपनि भारादारहरू स्वागत गर्न आऊन् भनेर २१ दिनसम्म काठमाडौँबाट ७ माइल[२८]परकमा अडिइन् । शासनको बागडोर विद्यालक्ष्मीलाई दिलाएर सुवर्णप्रभालाई यिनको सहायिका गराउने दामोदर पाँडेले प्रस्ताव गर्दा बम शाह र बस्न्यातहरूले मञ्जूर गरेका थिएनन् । तर आफ्ना विश्वासी दीवान सुबुद्धि खँड्का डराएर भेट्टाएसम्मको धन लिई भोटतिर भाग्दा सुवर्णप्रभाले नै हताश भएर राजभवन छोडिदिइन् । यस कारणले सबै भारादारहरू गई स्वागत गरेर

---

२४. वि. सं. १८५८ कार्तिक ८ गते । २५. पौषमा । २६. वि. सं. १८५९ मार्ग । २७. ५ कोस । २८. ३ कोस ।

विद्यालक्ष्मीलाई राजभवनमा प्रवेश गराए ( ··· दिसंबर) ।[२९] यिनले बालक महाराज गीर्वाणलाई साथमा लिई शासनको काम चलाउन शुरू गरिन् ।

१३। सुवर्णप्रभाले रणबहादुर शाहका साथ जाने उमेद गरी संन्यासिनीको भेष लिएर देवपाटनमा बसेकी थिइन् । राजकोषका जवाहिरात लिएर गएकी हुनाले विद्यालक्ष्मीले यिनलाई पक्रेर राजभवनमा ल्याई आफ्ना साथमा राखिन् । तर यिनका दुइ छोराको जागीर खोसी मन्त्रिमण्डलबाट बर्खास्त गरिदिइन् । यिनले पाँडेदलको पक्ष लिएकी हुनाले शेरबहादुर शाह मन्त्रिमण्डलबाट अलग हुँदा विदुर शाहलाई भर्ना गरिन्, दामोदर पाँडेलाई हजुरिया दीवान गराई सुवर्णप्रभाका पक्षपाती बम शाह र बस्न्यातहरूलाई पनि मन्त्रिमण्डलमा थामिन्, बलवन्त रानालाई अदालतका डिट्ठाबाट काजी गराई मन्त्रिमण्डलमा भर्ना गरिन्, कुमाउका हाकिम धौकलसिंह बस्न्यात एक सिपाहीका हातबाट मारिँदा तिनका बदलामा रणकेशर पाँडेलाई पठाइन्, तिनका छोरा रणधीरसिंह बस्न्यातलाई कज्याइँ दिएर मन्त्रिमण्डलमा राखिन्, राज्यमा शान्तिस्थापना गर्नामा र प्रजाको सुखसमृद्धि बढाउनामा विशेष ध्यान दिइन् । यिनैका समयमा नेपालराज्यभरमा हुलाकको प्रबन्ध भयो ।

उता रणबहादुर शाह बनारसमा पुगेर नजरबन्द हुँदा र पछिलाई पनि नजरबन्दमा नै राख्ने बेहोराको कम्पनी-सरकारसँग सन्धिपत्र हुँदा यस बन्धनबाट उम्कनालाई छटपटाइरहेका थिए । पहिले कुमाउका छेब हर्षदेव जोशीलाई बोलाएर उनका सहायताले कुमाउमा पसी त्यहाँ अधिकार जमाउने अठोट गरे । यस कामका निमित्त हर्षदेव जोशीका छोरा रामनारायण जोशी गढवालको बाटो गरी जाँदा प्रद्युम्न शाहले पक्रेर काठमाडौँतिर चलान गरिदिए । यता विद्यालक्ष्मी र दामोदर पाँडेको शक्ति बढेको देखेर बम शाह र बस्न्यातहरू भुतुक्क भए, सुवर्णप्रभाका हातमा शासनको बागडोर दिलाई सन्धिपत्रमा फेरफार गरी रणबहादुर शाहलाई नेपालमा ल्याउने षड्यन्त्र गर्न लागे । यो भेद थाहा पाएर विद्यालक्ष्मी र दामोदर पाँडे मिली ई. सं. १८०३ का जुलाईका आखिरमा[३०] सुवर्णप्रभा, बम शाह र बख्तवारसिंह बस्न्यातलाई कैद गरे, नाक्स साहेबलाई पनि काठमाडौँबाट जाने आज्ञा दिए, यस समयमा काठमाडौँमा हैजाको प्रकोप हुनाले हटेर जानुपर्ने प्रत्यक्ष कारण यही देखाएका थिए ।

१४। काठमाडौँमा आएर नाक्स साहेबले कम्पनीसरकारको विशेष लाभ गराउनामा अनेक यत्न गरे तापनि सफल हुन सकेनन्, यस कारणले नेपाल छोडेर जान तयार थिए । तर बर्सादका औलाको समय हुनाले तराईका औलोमा कुर्न नसकी विद्यालक्ष्मीको सम्मति लिएर अगस्तका आरम्भमा[३१] मकवानपुरमा गएर बसे । हिउँद लागेपछि मकवानपुर छोडेर पटनामा पुगे । आफ्ना राजदूतको अनादर भएको देखेर वेलेज्ली भुतुक्क भए । हुनता नेपालसरकारसँग सन्धि गर्नाको कारण सन्धिपत्रमा लेखिएबमोजिम थियो । तर अर्को गोप्य कारण मरहट्ठासँगका युद्धमा नेपालसरकारलाई थामथुम पारिराख्नु थियो । ई. सं. १८०३ का आरम्भदेखि आखिरसम्ममा[३२] मरहट्ठालाई हराई दिल्ली दखल गरिसकेका हुनाले नेपालका राजधानीमा गृहकलह चलाइदिनाका निमित्त रणबहादुर शाहलाई निगरानीबाट छोडिदिई ई. सं. १८०४ का १५ जनवरीका दिन[३३] एक खलितापत्र लेखेर नेपालसरकारलाई सूचना दिए । यस कुराको सूचना पाएपछि जमानतमा रहेका दक्ष शाह र गजकेशर पाँडे पटनाबाट फर्की काठमाडौँ आए ।

---

२९. पौष । ३०. वि. सं. १८६० का श्रावणका आधआधीमा । ३१. श्रावणका तेस्रा हप्तामा ।
३२. वि. सं. १८५९ का पौषदेखि वि. सं. १८६० का पौषसम्ममा । ३३. वि. सं. १८६० माघ ४ गते ।

# वि. सं. २००७–८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा

– नयराज पन्त

## वामा यूयमहो

बालकृष्णशमशेरो नाम नैपालिकाया भाषाया: ख्यातनामा कवि: । अयं कवि: स्वविरचितैर् मुटुको व्यथा–ध्रुव–मुकुन्द इन्दिरा–प्रह्लाद–अन्धवेग–भक्त भानुभक्त–म–नामधेयैर्नाटकैः प्रसिद्धो वर्तते । नियमित आकस्मिकता नाम चाऽस्य ग्रन्थोऽपि प्रकाशितो वर्तते । अन्याश्चाऽस्य लघ्व्य: कथा: प्रकाशिता: सन्ति ।

अस्य कृतौ सर्वत्राऽपि दरिद्रेषु दया प्रकाशिता वर्तते । एतावताऽयं कवि: करुणात्मक: प्रतीयते । राजनि स्वदेशे चाऽस्य प्रगाढा भक्तिरपि ततो व्यज्यते । स्वभावोऽप्यस्य मैत्रात्मको वर्तते । तर्करसिकोऽयं कवि: स्वया मधुरया वाण्या लौकिकान् परीक्षकांश्चाऽपि रञ्जयितुं प्रभुरस्ति ।

आलेख्यकर्मणि विख्यातोऽयं कविवरोऽभिनये सङ्गीतेऽपि पाण्डित्यं भजते ।

एवं स्वया मधुरया कवितया कलया च नैपालकेषु कविवरोऽयं महनीयां ख्यातिं बिभर्ति ।

एवं दूरस्थया दृष्ट्या साधु: प्रतीयमानोऽयं कविवर: सूक्ष्मेक्षिकयेतरजन इव प्रतीयते ।

मुखेन बहुधा जनहितं गायन्नयं कवि: सप्तनवनवरूप [ १९९७ ] मिते वैक्रमाब्दे बी. ए. परीक्षायां नेपालीभाषाया उत्तरपत्रिकायां प्रसङ्गतो नपुंसका राणावंश्या इति लिखितवत: काव्यकर्मणि कुशलस्य परीक्षार्थिनो लक्ष्मीनन्दनस्य पत्रं श्रीजुद्धशमशेरस्य पुर: प्रेषयामास । येन राणाशासनं तं लक्ष्मीनन्दनं कारागृहाधिवासमरचयत् । तत्रैव च कारागारे स वराक:

परीक्षार्थी वृद्धौ पितरौ रोदयन् युवतिं गृहिणीं बालं सूनुं च विहाय त्रिचतुरैर्वर्षैर्यमातिथितां भेजे । अनया रीत्या राणाकुललक्ष्मीं द्रढयितुं कृतोद्योगोऽयं कविवरो राणाकुलस्य प्रेयानभवत् ।

सप्तखखद्वि [२००७] मिते वैक्रमाब्दे कार्तिके श्रीत्रिभुवनवीरविक्रमं राज्याच्च्यावयितुं समवेतेषु श्रीमोहनस्यानुयायिष्वयं कविरपि समवेतो बभूव । श्रीत्रिभुवनवीरविक्रमस्य राज्यच्युतिपत्रे प्रकाशितायां नामावल्यां बालकृष्णशमशेर इति नाम सर्वोऽपि द्रष्टुं प्रभवत्येव । श्रीज्ञानेन्द्रवीरविक्रमे राज्यासनमलङ्कुर्वति सपुत्रोऽयं कविवरः स्वसदृशैर्जनैः सह प्रतिकृतिग्राहकतया समुपस्थितोऽस्माभिः प्रत्यक्षीकृत एव ।

राज्याधिकारान्निर्वासितेषु राणावंश्येषु चन्द्रात्मजानां द्वेषेण काङ्ग्रेसाभिधया सामवायिकतामुपेत्य नेपाले विद्राहाग्नि प्रज्वलयत्सु, श्रीत्रिभुवनवीरविक्रमे भारतं प्रस्थिते ऽवसरमधिगत्य नेपालं सर्वथा स्वप्रभावनिविष्टं विधातुं मध्यस्थाभिनयं कुर्वति भारते, मिथ्याप्रलोभैश्चञ्चलीभूतहृदयासु प्रजासु राणाकुलद्वेषं सर्वतः प्रसारयन्तीषु, स्वदुर्नीतिं फलवतीं वीक्ष्य विलक्षतामुपगतेषु चन्द्रात्मजेषु भारतस्योपदेशेन स्वाधिकारं विमुञ्चत्स्वयं कविवरो जनहितकारितामभिनयन् पाक्षिकं कारावासमनुभूय देशोद्धारकोऽभवत् । काङ्ग्रेसीयानां कृपया पुनः स प्रतिष्ठां पुरातनीं वृत्तिं चाऽभजत् ।

मुखेन किञ्चिद्धृदयेन किञ्चित् कार्येण किञ्चिद् दधतश्चिराय ।
स्वार्थान्धतानष्टविवेकशक्तेः पुंसो न कार्यं किमु भूतले स्यात् ॥

२००७।१२।८।४

अधुना नेपाले प्रतिदिनं बहुषु स्थलेषु विविधाकाराः सभाः कृतपदा भवन्तीति साम्प्रतिकेन आवाजनामकेन वृत्तपत्रेण गोरखापत्रेण चाऽवगम्यते । तासु भूयस्यो महाराजाधिराजात् साहायकं लिप्समानाश्च श्रूयन्ते ।

तासां सभानां संयोजका जना मनसि किं समभिलषन्तीति न वयं स्फुटं जानीमः । तथाऽपि तेषामाचरणात् ते किमपि भारसहं कार्यं विहाय स्वनाम प्रतिष्ठापयितुकामा इव प्रतिभान्ति । यतस्ते सर्वेऽपि जना बहूनां सङ्घानां नाऽत्र प्रयोजनं वर्तते, अस्माकं सङ्घ

एव श्रेष्ठोऽत्रैव कृतप्रवेशैरखिलैर्लौकिकैः परीक्षकैश्च स्वसमीहितं साध्यत इत्यादिकं भाषमाणा अवलोक्यन्ते। भाषणादतिरिक्तं चाऽन्यत् किमपि लोकहितकार्यं च तैर्विहितं नाऽस्माकं दृष्टिपथमवातरदिति वयं चाऽत्र प्रतिपत्तिमूढा इव वर्तामहे। दरिद्रता दवीयसी भवतु रोगोऽपसरत्विति कथनादेव तत् कथं भविष्यतीति।

२००७।१२।१२।१

राजनीतिं जानातु वा न जानातु, किन्तु तस्मिन् विषये स्वमाशयं विवरीतुं महाजनः समुत्सुकतां कदापि न जहाति।

राजनीतिं बुद्धिमान् पुरुषः स्वहिताय पथे गमयितुं सदा यतते। तदनुयायितां समेत्य स्वं हितं समीप्सन्तः केचन जनास्तं पुरुषं देवस्तावं स्तुवन्तस्तन्माहात्म्यं भुवि प्रथयितुं नानाविधानि रूपाणि बिभ्रति। महाजनस्तु बहुमुखश्रुताभिः कथाभिरेव पूर्यमाणहृदयस्तत्त्वं विलोकयितुमसमर्थतया तदुक्तीरेव शुकलापं लपन् कोलाहलं कुर्वन् जगन्मुखरीकरोति।

एवं प्रतिदिशं श्रूयमाणो राजनीत्यात्मकः कोलाहलः प्रायो न तत्त्वरूपतां बिभर्ति, किन्तु कस्याऽपि नीतिज्ञस्य स्वार्थसाधनान्येव भुवि सुलभानि विधत्ते।

अतः स्वं हितं लोकहितं च विधित्सुर्जनस्तादृशात् कोलाहलाद् दूरीभूय यथा यथा समाहितेन चेतसा परितो विलोकयति तथा तथा स्वं समीहितं साधयतीति स्फुटमेव।

कोलाहलैर्जगति धूर्तवितायमानैः प्रज्ञा न यस्य पुरुषस्य चलत्वमेति।
तस्यैव धैर्यमहितस्य जनस्य सङ्गात् कालेन मानुषगणः सुखितामुपैति॥

२००७।१२।२२।४

अधुना प्रजातन्त्रात्मिका शासनव्यवस्थाऽस्माकं देशे कृतपदाऽभवदिति भूयांसो मनुजाः सन्तुष्टान्तरङ्गाः संलक्ष्यन्ते। अत्र प्रजातन्त्रात्मिकायां व्यवस्थायां यः कोऽपि पुरुषः स्वेन नैपुण्येन प्रधानामात्यपदमप्यात्मसात् कर्तुं प्रभवतीति प्रतिदिशमुच्चैरुद्घोष्यमाणः कलकल एव प्रधानहेतुरिति प्रतिभाति।

एकार्थाभिनिवेशित्वं शत्रुत्वमिति शास्त्रेषु निर्दिष्टेन लोके च प्रतिदिनमनुभूयमानेन हेतुना सर्वेषु जनेषु प्रधानामात्यपदमभिलषत्सु सर्वेऽपि परस्परं बद्धवैरा भवेयुरिति न शङ्कावकाशः ।

राजपुत्रा राज्यमात्मसात् कर्तुकामाः कीदृशान् दुराचारानाचेरुरितीतिहासविदो जानन्त्येव । मुगलानां भ्रातृद्वेषो जनकसंरोधश्च सार्वलौकिक एव । मुगलेष्वेवैतादृशी दशा न बभूव । किन्तु प्रायः सर्वेष्वेव राजकुलेष्वेतादृशी दुरवस्था कृतास्पदा बभूव । अत एवाऽऽचार्यः कौटल्योऽपि कर्कटकसधर्माणो राजपुत्रा जनकभक्षा इत्याह ।

अधुना नेपाले राणाकुलस्य विनिपतनमपि कौटल्यसूत्रानुसारमेवेति विद्रोहिणां सेनापतिः सुवर्णशमशेर एव प्रमाणम् । सुवर्णशमशेरानुगामिनो महावीरगोपालशमशेरादयोऽपि राणाकुलजा एव । तेषामेवाऽर्थबलेन समुद्योजितो दण्डो राणाकुलस्य विद्रोहेऽस्त्रं जग्राह । स एव दण्डश्च महाजनस्य हर्षनिदानं प्रजातन्त्रं नेपाले व्यवास्थापयत् ।

एवं शासकेषु कृतास्पदा परस्परहत्या राणाकुलात् क्रमशो महाजनमवतीर्य प्रजाः परस्परभक्षाः कतिपयैर्दिवसैर्विधातेति प्रतीयते ।

अतो नेतृब्रुवैः प्रतिदिनं प्रतिविपण्युच्चैरुच्यमानः सर्वेऽपि मनुजाः प्रधानामात्यपदाधिकारिणोऽस्माभिः कृता इति प्रवादः सर्वेऽपि मनुजाः परस्परभक्षा इतो जाता इत्यर्थान्तरं स्वत उपस्थापयतीति ।

राणाकुलस्य निजमेव हितं समीप्सोरार्षेण दण्डविधिना नहि सञ्चरिष्णोः ।
दुर्नीतिजा विषमयी फलपङ्क्तिरेषा नेतृब्रुवस्य मनुजस्य मुदं वितेने ॥

तस्यैव बुद्धिविभवेन विमोह्यमानो दुःखं निजे कृतपदं प्रविहातुमिच्छुः ।
लोकोऽपि बाह्यमनुजैः परिदर्शितेऽस्मिन् दुर्नाटकेऽपि मनसा न घृणां व्यधत्त ॥

२००७।१२।२३।१

## तिमीहरू त बाँउठे रहेछौ

बालकृष्णशमशेर नेपाली भाषाका प्रख्यात कवि हुनुहुन्छ । *मुटुको व्यथा, ध्रुव, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग, भक्त भानुभक्त,* मनाउँका आफूले बनाएका नाटकले गर्दा उहाँ कवि प्रसिद्ध हुनुहुन्छ । उहाँको *नियमित आकस्मिकता*नाउँको ग्रन्थ पनि प्रकाशित भएको छ । उहाँका अरू साना कथा पनि प्रकाशित भएका छन् ।

उहाँका कृतिमा सर्वत्र गरीबउपर दया देखाइएको हुन्छ । यताबाट कविजी दयालु हुनुहुँदो रहेछ भन्ने बुझिन्छ । राजामा र स्वदेशमा उहाँको गाढा भक्ति भएको पनि त्यहाँबाट स्पष्ट हुन्छ । उहाँको स्वभाव पनि मिलनसार छ । तर्करसिक उहाँ कवि आफ्नो मीठो बोलीले गर्दा सर्वसाधारणलाई र विद्वान्हरूलाई पनि रत्याउन सक्नुहुन्छ ।

तसवीर लेखनमा नाउँ चलेका उहाँ कविवर नाटक खेल्न र गानाबजानामा पनि सिपालु हुनुहुन्छ ।

यसरी आफ्ना मीठा कविताले र कलाले गर्दा नेपालीहरूमा उहाँ कविवरको ठूलो नाउँ छ ।

यसरी टाढाबाट हेर्दा सज्जन देखिनुहुने उहाँ कविवरलाई गढेर हेर्ने हो भने उहाँ अर्कै जस्तो देखिनुहुन्छ ।

वि. सं. १९९७ मा परीक्षार्थी कवि लक्ष्मीनन्दनले बी. ए. को जाँचमा नेपाली भाषाको उत्तरपुस्तिकामा प्रसङ्गवश नपुंसक राणाजीहरू भनी लेखेको लेख मुखले धेरै किसिमले जनहितको कुरा फलाकेर हिंड्ने उहाँ कविले श्री ३ बुद्धशमशेरकहाँ पठाउनुभएछ । जसले गर्दा राणासरकारले ती लक्ष्मीनन्दनलाई क्यालखानामा हाल्यो । बूढा भएका बाबुआमालाई रुवाउँदै, भरखरकी स्वास्नी र सानो छोरो छोडेर ती बिचरा परीक्षार्थी तीन चार वर्षपछि क्यालखानामै मरे । यसो गरी राणाराज्यलाई दरिलो पार्न उद्योग गर्ने उहाँ कविवरलाई राणासरकारले मन पराएको थियो ।

वि. सं. २००७ कातिकमा श्री ५ त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्न भेला भएका, श्री ३ मोहनका अनुयायीहरूमा उहाँ कवि पनि हुनुहुन्थ्यो । श्री ५ त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्न लेखिएको पत्रमा प्रकाशित नामावलीमा बालकृष्णशमशेर भन्ने नाउँ सबैले हेर्न सक्छन् । श्री ५ ज्ञानेन्द्रवीरविक्रमको सिंहासनारोहण हुँदा उहाँ कविवर छोरासमेत आफूसरहका अरूहरूसँगै फोटोग्राफर भएर आउनुभएको हामीहरूले आफ्नै आँखाले देखेको हो ।

रोलबाट हटाइएका राणाजीहरू चन्द्रशमशेरका छोराहरूको रिसले काङ्ग्रेससँग मिल्न गई नेपालमा विद्रोहको आगो बाल्दा, श्री ५ त्रिभुवनवीरविक्रम भारत सवारी भएकोले मौका छोपी नेपाललाई सर्वथा आफ्नो प्रभावमा राख्न भारतले मध्यस्थको स्वाङ गर्दा, कूटो लोभ देखाएकोले मन चञ्चल भएका दुनियाँहरूले सबैतिर राणावंशको द्वेष फैलाउँदा, आफ्नो दुर्नीतिको फल प्रकट भएको देखी चन्द्रशमशेरका छोराहरूले बिखलबन्दमा परेर भारतको उपदेशले आफ्नो अधिकार छोड्न लाग्दा उहाँ कविवर जनहित गर्ने मान्छेको स्वाङ गर्दै १५ दिन थुनामा बसी देशोद्धारक बन्नुभयो । काङ्ग्रेसीहरूको निगाहले उहाँले फेरि इज्जत र पुरानै जागीर पाउनुभयो ।

मुखले अर्कै कुरा भनेर, मनले अर्कै कुरा विचार गरेर, कामले अर्कै कुरा गरेर आएका, स्वार्थले आँखा टालिएकोले विवेक गर्ने शक्ति हराइसकेका मानिसको लागि गर्न नहुने काम पृथ्वीतलमा के छ र ?

वि. सं. २००७।१२।८।४

आजभोलि नेपालमा दिनकादिन ठाउँठाउँमा थरीथरीका सभा हुन्छन् भन्ने कुरा आजभोलिको *आवाज* भन्ने अखबार र *गोरखापत्र*बाट थाहा पाइन्छ । तीमध्ये धेरैजसाले श्री ५ महाराजाधिराजबाट सहायता पाउन खोजेका छन् भन्ने सुनिन्छ ।

ती सभाको आयोजना गर्ने मानिसहरूको मनमा के भेट्टाउने इच्छा छ भन्ने कुरा हामीलाई राम्रो थाहा छैन । त्यसो भए पनि तिनीहरूको चालचलन देख्दा तिनीहरू कुनै पनि गाह्रो काम नगरीकनै आफ्नो नाउँ चलाउन खोज्ने हुन् कि जस्तो लाग्छ । किनभने यहाँ धेरै पार्टीको काम छैन, हाम्रो पार्टी नै मुख्य हो, यसभित्र पसेमा सर्वसाधारण र विद्वान्हरूले पनि आफूले चिताएको भेट्टाउँछन् भनेर ती सबैले भाषण गरेको सुनिन्छ । भाषण गर्नुभन्दा बाहेक अरू कुनै लोकहितको काम तिनीहरूले गरेको हामीले नदेखेकाले हामीहरू अन्योलमा परेका छौं । गरीबी दूर होओस्, रोग हटोस् भन्दैमा त्यस्तो कसरी होला ।

वि. सं. २००७।१२।१२।१

राजनीति जाने पनि नजाने पनि त्यस विषयमा आफ्नो आशय प्रकट नगरीकन धेरैजसा मानिस छाड्दै छाड्दैनन् ।

बुद्धिमान् मानिस आफूलाई फाइदा हुने बाटोमा राजनीतिलाई हिँडाउन सधैं कोशिश गर्छ । त्यस्तो मानिसको पछि लागेर फाइदा उठाउन खोज्ने केही मानिस त्यस्तो मानिसको देवताको जस्तो स्तुति गरेर माहात्म्य फैलाउन थरीथरीका रूप लिन्छन् । धेरैको मुखबाट जे सुनिन्छ, त्यसैले मन भरिएकोले धेरैजसा मानिस वास्तव कुरा बुझ्न नसक्ने हुन्छन् र अरूहरूका भनाइ सुगाले रटे जस्तै रट्दै दुनियाँमा हल्ला पिटाउँछन् ।

यसरी जतातते सुनिने राजनीतिसम्बन्धी हल्लामा धेरैजसो वास्तव कुरा हुँदैन । यसबाट, कुनै नीतिज्ञलाई मात्र स्वार्थ बटयाउन सजिलो पर्छ ।

यस कारण आफ्नो र दुनियाँको हित गर्न खोज्ने मानिस त्यस्तो हल्लाबाट पर बसेर एकाग्र चित्तले जति जति चारैतिर हेर्छ, आफूले इच्छा गरेको कुरा त्यति त्यति भेट्टाउँछ भन्ने स्पष्टै छ ।

छट्टूहरूले फैलाएका हल्लाबाट जसको बुद्धि चञ्चल हुँदैन, धैर्यशाली त्यही मानिसको सङ्गतबाट दुनियाँलाई बखतमा सुख हुन्छ ।

वि. सं. २००७।१२।२२।४

हाम्रो देशमा प्रजातन्त्र आयो भनेर अहिले धेरै मानिस सन्तुष्ट देखिन्छन् । जुनसुकै मानिस पनि योग्य भएको खण्डमा प्रजातन्त्रमा प्रधानमन्त्री हुन सक्छ भनी चारैतिर पिटिएको हल्लीखल्ली नै यसो हुनामा मुख्य कारण हो जस्तो लाग्छ ।

उही कुरा हात लाउन खोज्नु नै शत्रुताको मूल हो भनी शास्त्रमा लेखिएकोले र लोकमा पनि दिनकादिन अनुभव गरिएकोले सबै जना प्रधानमन्त्री हुन खोज्दा सबै जना परस्परमा शत्रु हुन्छन् भन्ने कुरामा शङ्का छैन ।

राज्य हडप्न राजकुमारहरूले कस्ता कस्ता दुराचार गरे भन्ने कुरा इतिहास पढेकालाई थाहै छ । मुगलहरूको दाजुभाइको झगडा र उनीहरूले बाबुलाई थुनामा राखेको कुरा पनि सबैलाई थाहै छ । मुगलहरूमा मात्र यस्तो भएको होइन । धेरैजसा राजवंशमा यस्तै दुरवस्था थियो । यसै कारणले राजकुमारहरू बाबुलाई खाने गँगटा जस्ता हुन्छन् भनेर आचार्य कौटल्यले पनि भनेका हुन् ।

अहिले नेपालमा राणावंशको पतन पनि कौटल्यको सूत्रअनुसारै भएको छ भन्ने कुरा विद्रोहीहरूका सेनापति सुवर्ण-शमशेर भएकाले प्रमाणित हुन्छ । सुवर्णशमशेरको पछि लागेका महावीरशमशेर, गोपालशमशेरहरू पनि राणाजी नै हुन् । तिनीहरूकै पैसाले जम्मा पारिएको फौजले राणावंशसँग विद्रोह गर्न हतियार उठायो । धेरै मानिसको हर्षको कारण भएको प्रजातन्त्र त्यही फौजले नेपालमा ल्यायो ।

यसरी शासकहरूमा परस्परमा चलेर आएको काटमार राणावंशबाट क्रमशः सर्वसाधारणमा सरेर केही समयमा दुनियाँहरू परस्परमा काटमार गर्छन् भन्ने लाग्छ ।

यस कारण सबै मानिसलाई हामीले प्रधानमन्त्रिपदको हकवाला बनायौं भनी नेता भनाउँदाहरूले बजारमा दिनकादिन ठूलो स्वरले गरेको प्रचारबाट सबै मानिस परस्परमा काटमार गर्ने हुने भए भन्ने अर्को अर्थ अगाडि आउँछ ।

आफू मात्र फाइदा उठाउन खोज्ने, ऐनकानूनमा नहिँड्ने राणावंशको दुर्नीतिबाट भएको यो बिखालु फल पाक्दा नेता भनाउँदाहरू खुशी भए ।

त्यस्ता नेता भनाउँदाहरूले लट्ठ्याइएका, आफूमा जरो गाडेर बसेको दुःख हटाउने इच्छा भएका दुनियाँले पनि बाहिरियाले देखाएको यो खराप नाटक हेरेर घीन मानेन ।

वि. सं. २००७।१२।२३।५

# राष्ट्रिय इतिहासको विषयमा

– दिनेशराज पन्त

वि. सं. २०३८ फाल्गुन ९ गतेको *गोरखापत्र*मा श्रीसूर्यविक्रम ज्ञवालीको सभापतित्वमा राष्ट्रियइतिहासनिर्देशन-समितिको गठन भयो भन्ने कुरा छापिएको थियो । त्यसको लगत्तै वि. सं. २०३८ चैत्र २० गते प्रकाशित *सावधान-पत्र* ३१ सङ्ख्याको अन्तमा मैले यस्तो लेखेको थिएँ—

> वि. सं. २०३८ फाल्गुन ९ गते शनिवारको गोरखापत्रबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृति-मन्त्रालयले सूर्यविक्रम ज्ञवालीको सभापतित्वमा राष्ट्रिय इतिहास निर्देशन समिति गठन गरेको कुरा थाहा हुन्छ । आफू अशुद्ध कुरा लेख्दै हिँड्ने, त्यस अशुद्ध कुराको अरूले संशोधन गरिदियो भने अशुद्ध कुरालाई जोगाउन प्रलाप गर्ने व्यक्ति सभापति भएको यो समितिले नेपालको बद्दै गएको इतिहास-लाई भाँड्ने त होइन भन्ने डर मेरो मनमा उत्पन्न भइरहेछ ।
>
> (४ पृ.)

सो *सावधान-पत्र* निस्केपछि विभिन्न पत्रिकाले त्यस विषयमा लेखे[१] तापनि सम्बद्ध निकायका मानिस कानमा तेल हालेर बसेका छन् र सो समितिले कुनै खास काम गरेको कुरा पनि बाहिर प्रकाशमा आएको छैन ।

---

१. वि. सं. २०३९ वैशाख २ गतेको *राष्ट्रपुकार*
वि. सं. २०३९ वैशाख १५ गतेको *मानस*
वि. सं. २०३९ वैशाख ३१ गतेको *नयाँ किरण*
वि. सं. २०३९ ज्येष्ठ २२ गतेको *एशियाली आवाज*
वि. सं. २०३९ आषाढ १८ गतेको *नयाँ सन्देश*
वि. सं. २०३९ आषाढ २८ गतेको *नेपालभाषा पत्रिका*
वि. सं. २०३९ श्रावण १४ गतेको *रत्नदीप*
वि. सं. २०३९ आश्विन २४ गतेको *जनज्योति*
वि. सं. २०३९ मार्ग ९ गतेको *साँघु*
वि. सं. २०३९ माघ ११ गते र १८ गतेका *दैनिक आकाशवाणी*
वि. सं. २०४० ज्येष्ठ ६ गतेको *संरचना*
वि. सं. २०४० जेष्ठ २३ गतेको *अस्तित्व*
वि. सं. २०४० श्रावण २७ गतेको *पखेरू*
वि. सं. २०४० आश्विन ५–८ गतेको *चक्षु*

वि. सं. २०३९ चैत्र १७ र १८ गते राष्ट्रिय इतिहासनिर्माणसम्बन्धी दुइ दिने विचारगोष्ठी हुँदैछ भन्ने कुराको सूचना भएको निमन्त्रणापत्र नेपाल र एशियाली अनुसन्धानकेन्द्रबाट मकहाँ आयो। त्यो निमन्त्रणापत्र आएपछि त्यस सभामा म उपस्थित भएँ। त्यस सभाका आयोजक जस्तो मनःस्थिति र योग्यताका थिए, त्यस अवस्थामा त्यहाँ केही बोल्नु मलाई ठीक लागेन। त्यसैले केही साथीभाइले बोल्नुपर्छ भन्दा पनि म पहिलो दिन नबोलीकन चूप लागेर बसेँ। दोस्रो दिन भने आयोजकहरूले पनि बोल्नुपर्छ भनी भनेकाले मैले त्यहाँ केही कुरा बोलेँ। तीमध्येका दुइ कुरा संक्षेपमा यस प्रकारका छन्—

(१) हाम्रो विश्वविद्यालयमा उच्च कक्षासम्म इतिहास तथा संस्कृतिको पढाइ हुन्छ र बर्सेनि त्यहाँबाट विद्यार्थीहरू उत्तीर्ण भएर निस्कन्छन् तापनि ती विद्यार्थीमा प्राचीन कालको इतिहास र संस्कृतिको अन्वेषण गर्नको लागि आधारको रूपमा रहेका प्राचीन भाषा र प्राचीन लिपि आदिको ज्ञान नहुने हुनाले उनीहरू मूल सामग्रीसम्म पुगी अनुसन्धान गर्न सक्दैनन्। यसले गर्दा हाम्रो विश्वविद्यालयमा उपाधिधारी विद्वद्बुवहरूको जमातै छ तापनि तिनीहरू नयाँ अनुसन्धानको क्षेत्रमा अकिञ्चित्कर छन्। यस कारण इतिहास तथा संस्कृतिको स्नातकोत्तर परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूमध्ये कसैलाई संस्कृतभाषा, कसैलाई विभिन्न लिपि, कसैलाई गणना गर्ने काइदा, कसैलाई चिनियाँ भाषा, कसैलाई भोटे भाषा आदि पढाई हाम्रा प्राचीन इतिहास तथा संस्कृतिको मूल सामग्रीसम्म पुग्न सक्ने योग्यता भएका मानिस निकाल्दै जानुपर्छ र यस योजनाअनुसार काम भएको खण्डमा ५ वर्षभित्र राष्ट्रिय इतिहास तयार पार्न सक्ने दक्ष पुरुषसम्पद् हामीसँग हुनेछ।

(२) नेपालका विभिन्न अड्डाखानामा कागतपत्र छरिएर रहेका छन्। विभिन्न कारणवश ती कागतपत्रको सुरक्षा हुन सकेको छैन र सुरक्षा नभएकोले ती कागतपत्र दिनहुँ नष्ट हुँदैछन्। यस्तै कुरा घरघरमा रहेका कागतपत्रको बारेमा पनि भन्न सकिन्छ। यसै गरी हाम्रा मन्दिर, पाटीपौवा आदिमा जताततै लथालिङ्ग रूपमा रहेका अभिलेख र मूर्तिको पनि सुरक्षाको राम्रो व्यवस्था छैन। ती सामग्री हामीले सुरक्षित गरी राख्न सक्यौँ भने इतिहास लेख्ने काम भोलि पनि हुन सक्छ। तर ती सामग्री सुरक्षित गर्न सकिएन भने तिनबाट काम आउने आसै रहँदैन। यस कारण तिनलाई सुरक्षित गर्नेतिर जोड दिनुपरेको छ।

यस्ता कुरा मैले बोल्दा सभामा उपस्थित धेरैजसाले ती कुरा मन पराएको देखिए तापनि आयोजकहरूले भने मन पराएको देखिएन।

श्रीज्ञानमणि नेपालद्वारा सम्पादित भएको *महीरावणवध* नाटक वि. सं. २०४० मा नेपाल र एशियाली अनुसन्धान-

---

वि. सं. २०४० आश्विनको *मुलुक*

वि. सं. २०४० मार्ग ८ गतेको *नयाँ क्षितिज*

वि. सं. २०४० माघ ३ गतेको *युगसन्देश*

वि. सं. २०४० माघ १४ गतेको *मूलधारा*

वि. सं. २०४१ आषाढ १२ गतेको *प्रतिक्रिया*

केन्द्रद्वारा प्रकाशित भएको छ । नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *सिनास् न्यूज्लेट्अर्* (नेपाल र एशियाली अनुसन्धानकेन्द्रको अखबार) को वि. सं. २०४१ आषाढ २० गते ( ई. सं. १९८४ जुलाई ३) को अङ्कमा *महीरावणवध नाटक*को परिचय छापिएको छ । त्यसमा यस्तो लेखिएको छ—

> बेसड् अन् द रामायण, दिस् इज् ए क्ल्यासइकअल् प्ले अरइजिन्अलि रिट्न् इन् प्राकृत् यान्ड् ट्रान्स्लेट्इड् इन्टु स्यान्स्क्रिट् बाइ जयत् रचित् । इट्स् स्टर्इ अबाउट् द किल्इङ अफ् महीरावण, फ्रेन्ड् अफ् रावण हू इन्ट्रीट्स् हिम् टु अस्यास्इन्एट् रावण यान्ड् लक्ष्मण् ।
>
> (६ पृष्ठ)

> [यो, रामायणको आधारमा पहिलेबाट प्राकृतमा लेखिएको, जयत रचितले संस्कृतमा उल्था गरेको पुरानो नाटक हो । यसमा रावण र लक्ष्मणलाई गुप्ती तवरले मारिदेऊ भनी रावणले विनतिभाउ गरिएका भनेका, रावणका साथी महीरावण मारिएको कथा छ ।]

यहाँ *महीरावणवध नाटक* जयत रचितले बनाएका हुन् भनी लेखिएको छ । यो पुस्तक जयतले बनाएका हुन्, जयत रचितले बनाएका होइनन् । जयतरचित भनेको जयतले बनाएको भन्ने हो । यताबाट यस पुस्तकका सम्पादक श्रीज्ञानमणि नेपालले पुस्तकको नाउँ *जयतरचित महीरावणवध नाटक* भनी लेखेको कुराको अर्थ पनि यो परिचय लेख्नेलाई नलागेको देखिन्छ । यसै गरी यसको मूल प्राकृतभाषामा छ र त्यसको उल्था जयत रचितले संस्कृतभाषामा गरेका हुन् भनी यस परिचयमा लेखिएको छ । पढेगुनेका मानिसद्वारा संस्कृतमा र अपठित मानिसद्वारा प्राकृतमा संवाद निकाल्ने परम्पराअनुसार जयतले आफ्नो यस नाटकमा संस्कृत तथा प्राकृत दुवै भाषाको प्रयोग गरेका छन् । यस कारण संस्कृत तथा प्राकृत दुवै भाषाको प्रयोग गरी लेखिएको नाटक यो हो । प्राकृतबाट संस्कृतमा उल्था गरिएको नाटक यो होइन । यो कुरा श्रीज्ञानमणि नेपालको उपोद्‌घातको २० पृष्ठ मात्र हेरेको भए पनि सजिलैसँग बुझिन्थ्यो । त्यसै गरी राम र लक्ष्मणलाई गुप्ती तवरले मार्न रावणले महीरावणसँग विनतिभाउ गरिएका भनी भन्नुपर्नेमा रावण र लक्ष्मणलाई गुप्ती तवरले मार्न रावणले महीरावणसँग विनतिभाउ भन्ने कुरा लेखी अर्को भद्दा अशुद्धि गरिएको छ ।

यसरी जम्मा ६ पङ्क्तिमा लेखिएको यो परिचय अशुद्धिले भरिएको छ भन्ने स्पष्ट छ । यस कारण प्रकाशित भएको पुस्तकको आधारमा पनि त्यसको विवरण लेख्न सक्ने योग्यता नभएका मानिसहरूको ढ्वाङफुकाइबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्र चलेको रहेछ भन्ने देखिन्छ ।

वि. सं. २०३९ चैत्रभन्दा अगाडिदेखि नै राष्ट्रिय इतिहासको हल्ला नेपाल र एशियाली अनुसन्धानकेन्द्रबाट चलाइएको हो । सो गोष्ठी भएको पनि अहिले २ वर्ष भइसक्यो । तर अहिलेसम्म केही मानिसहरूलाई आमदानी गराउने कामबाहेक अरू खास काम हुन सकेको देखिएको छैन ।

यस अवस्थामा काम केही नगर्ने र साधारण कुरामा पनि अशुद्ध गर्नेहरूद्वारा चलेको नेपाल र एशियाली अनुसन्धानकेन्द्रले पहिले त राष्ट्रिय इतिहास तयार गरेर निकाल्नै सक्तैन, केही गरी निकालिहाल्यो भने पनि सो इतिहास कस्तो

हुने हो? त्यसले राजस्वको दुरुपयोग गर्नुको साथै हाम्रो देशमा खुम्चिएर साधारण रूपमा बस्न बाध्य बनाइएका विद्वान्हरूले दुःखजिलो गरी तयार गर्दै आएको शुद्ध इतिहास पनि भाँडिदिने पो हो कि? श्रीसूर्यविक्रम ज्ञवालीको सभापतित्वमा गठन भएको राष्ट्रियइतिहासनिर्देशनसमितिले नेपालको इतिहास भाँड्छ भन्ने डर मलाई लागेको थियो भने अब आएर नेपाल र एशियाली अनुसन्धानकेन्द्रबाट तयार हुने राष्ट्रिय इतिहासबाटपनि यस्तै छाँट हो भने कुन् भाँडिने त होइन भन्ने दुइ गुना डर लागिरहेछ।

# शुद्धिपत्र

६१ अङ्कमा–

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २४ | १८ | १८४९ | १८४८ |
| ३१ | ३२ | १८४९ | १८४८ |

६३ अङ्कमा

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १ | १८ | दर्जनौं | दर्जनौँ |
| २ | ३ | पर लोक | परलोक |
| ११ | ११ | गराइदिएमा | गराइदिएकोमा |
| १२ | १२ | फर्कंदा | फर्कँदा |
| १३ | २५ | जग्गामालगे | जग्गामा लगे |
| १८ | १ | तुङ्थ्वाङ | तुङ्थ्वाङ |
| १८ | ७ | मरहट्टा° | मरहट्ठा° |
| २० | १ | भारा | भारा– |
| २१ | ११ | गवरनर | गवर्नर |
| २२ | २७ | इन्छा | इच्छा |
| २२ | २८ | माचंका | मार्चका |
| २३ | २ | राखे। | राखे, |
| २३ | ३ | राखे। | राखे, |
| २३ | ४ | गरे। | गरे, |
| २४ | १८ | शङ्का | शङ्का |
| २६ | २५ | विनती | विनति |
| २८ | ९ | श्रऽास्य | श्रास्य |
| ३२ | २५ | विखलबन्दमा | बिलखबन्दमा |

# पन्ध्रौँ वर्षको आम्दानीखर्चको विवरण

| | | |
|---|---|---|
| **आम्दानी** | | २०१८७।७७ |
| श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको संशोधन–मण्डललाई सालबसाली रु. १०००। अर्थसहायता दिने वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालयबाट आएको | १०००। | |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख–सङ्ग्रह आदि बिक्री हुँदा आएको | १९९६।१७ | |
| पूर्णिमा, अभिलेख–सङ्ग्रहको बिक्रीबाट | ९५०। | |
| नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यको बिक्रीबाट | ५०। | |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | २५। | |
| रत्नदीपको बिक्रीबाट | २।५० | |
| महेशराज पन्तबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | १०००। | |
| बचतखाताको ब्याज | ८२६।५९ | |
| पोहोरको बाँकी ( पूर्णिमा ६२ अङ्कमा प्रकाशित) | १४३३७।५१ | |
| **खर्च** | | १२४९६। |
| पूर्णिमा ५७ पूर्णाङ्कमा | २३७२।५५ | |
| पूर्णिमा ५८ पूर्णाङ्कमा | २८८७।६५ | |
| पूर्णिमा ५९ पूर्णाङ्कमा | २५३८।३० | |
| पूर्णिमा ६० पूर्णाङ्कमा | २४३५।२० | |
| पूर्णिमामा छापिने लेख आदि साफी गराउँदा भएको खर्च | १०००। | |
| बिक्रीका लागि इतिहास–संशोधन, सावधान–पत्र आदिमा जिल्द हाल्दा र चिठीपत्र गर्नको लागि पत्र छाप्दा | २६०। | |
| अभिलेख राख्नको लागि खाम किन्दा | २४५। | |
| कोठाबहाल | २८०। | |
| संस्थानवीकरण | २५। | |
| गोरखापत्रमा संशोधन–मण्डलका कृतिको विज्ञापन छाप्दा | २८८। | |
| अरू | १६४।३० | |
| **बाँकी** | | ७६९१।७७ |

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ६३ अङ्कसम्म | ४०३।५० |
| २. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास–संशोधन | ५०। |
| ४. सावधान–पत्र | २५। |
| ५. विद्या–रक्षा | २०। |
| ६. व्याकरण–संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग–संशोधन | १५। |
| ८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. रत्नदीप | २।५० |
| १०. वृत्तशतक | ३। |
| ११. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |
| १२. श्री ३ महाराज पद्मशमशेरका कुरा | १२। |

## नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा फ्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) | ४१। |

## त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृत अध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

## नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।४० |
| २. प्राचीन र नवीन गणितको तुलना | १५। |
| ३. त्रिकोणमिति (ज्योत्पत्ति) | २५।२५ |
| ४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या | २५।४० |

का. से. अ. द. नं. १५५/२४९

कार्यालय—

**संशोधन–मण्डल**

१०/३७४ वटु सवलबहाल, काठमाडौँ, नेपाल

# वि. सं. २०४१ चैत्र

यस अङ्कको मूल्य रु. १५।–

मुद्रक—

लुष प्रेस

ख १, ३७३ काठमाडौँ—१